म.जि. प्र. का. द.नं. : १०६/०६८, वर्ष १३, अंक २७५ बिहीबार ३ जेठ २०८१ ने. सं. ११४४ बछलाथ्व 16 May 2024 www.sajhakuranews.com पृष्ठ संख्या ४ मूल्यः रु. ३/-

मकवानपुरबाट प्रकाशित लोकप्रिय 'क' वर्गको पत्रिका

# साझाकुरा राष्ट्रिय दैनिक

www.sajhakuranews.com

## दुर्घटनामा एकजनाको मृत्यु, चार घाइते

हेटौंडा, २ जेठ/हेटौंडा उपमहानगरपालिका-५ बाँनियाटोलस्थित भित्रि सडकखण्डमा सवारी दुर्घटनामा परी घाइते भएका एकजनाको भरतपुरमा उपचारका क्रममा मृत्यु भएको छ । खेत जोतेर आउदै गरेको बा प्र ०३-००१ त ३१८ न. को ट्याक्टर पार्किङ गरी राखेको ना ४ च ४१४२ नम्बरको गाडीमा आफैं अनियन्त्रित भई ठक्कर दिदा घाइते भएका हेटौंडा-५ शान्तिनगर बस्ने ५२ को लालबहादुर वाईबाको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी नायवउपरीक्षक लक्ष्मी भण्डारीले बताए । उनको उपचारका क्रममा भरतपुरमा बुधबार दिउँसो मृत्यु भएको हो । यसैगरी, मकवानपुरको इन्द्रसरोवर गाउँपालिका-१ मार्खुस्थित फर्पिङ-कुलेखानी सडकखण्डमा काठमाडौंदेखि मार्खुतर्फ आउँदै गरेको बा ६ च १२४ नम्बरको भ्यान आफैं अनियन्त्रित भई सडकबाट २० फिट तल खेतमा खसेर दुर्घटना भएको छ । दुर्घटनामा चारजना घाइते भएका छन् । घाइतेलाई उपचारको लागि काठमाडौं ट्रमासेन्टर पठाइएको प्रहरीले जनाएको छ ।

# बागमतीमा मन्त्रालय फुटाएर मगरलाई जिम्मेवारी, डेढ वर्षमा दुईपटक फुटाइयो

साझाकुरा संवाददाता



हेटौंडा, २ जेठ/ बागमतीका मुख्यमन्त्री शालिकराम जम्कट्टेलले मन्त्रालय विभाजन गरेका छन् । सामाजिक विकास मन्त्रालय फुटाएर युवा तथा खेलकुद मन्त्रालय बनाउने निर्णय बुधवार साँझ बसेको मन्त्रिपरिषद् बैठकले गरेको छ ।

बागमतीमा अब १३ सदस्यीय मन्त्रिपरिषद् बनेको छ । सामाजिक विकास मन्त्रालय नेकपा माओवादी केन्द्रकी कुमारी मोक्तानले सम्हाल्दै आएकी थिइन् । गत १९ चैतमा विनाविभागीय मन्त्री नियुक्त भएकी नेकपा (एकीकृत समाजवादी) की रमा आलेमगरलाई युवा तथा खेलकुद मन्त्रालयको जिम्मेवारी दिने निर्णय मन्त्रिपरिषद्ले गरेको सरकारका प्रवक्ता आन्तरिक मामिला तथा कानुनमन्त्री गंगानारायण श्रेष्ठले जानकारी दिए ।

मुख्यमन्त्री जम्कट्टेलले विश्वासको मत पाउन मगरलाई बिनाविभागीय मन्त्री नियुक्त गरेका थिए । विश्वासको मतका लागि एक सांसदको समर्थन आवश्यक भएको अवस्थामा मन्त्री मगर प्रदेशसभा बैठकमा अनुपस्थित भएपछि उनलाई मन्त्रीमा नियुक्त गरिएको थियो । जम्कट्टेलले डेढ वर्षको कार्यकालमा दुईपटक मन्त्रालय विभाजन गरे । यसअघि नेपाली कांग्रेस, एकीकृत समाजवादीसहितको सरकारमा कांग्रेसबाट रामकृष्ण चित्रकालाई जिम्मेवारी दिन मन्त्रालय विभाजन गरेका थिए ।

७ जेठ २०७९ मा मन्त्रिपरिषद विस्तार गर्दा चित्रकारलाई विनाविभागी मन्त्री बनाइएको थियो । ५ भदौमा उनलाई उद्योग, वाणिज्य, भूमि तथा प्रशासन मन्त्रालयको जिम्मेवारी दिइएको थियो । त्यतिबेला पर्यटन, उद्योग तथा सहकारी मन्त्रालय विभाजन गरेर थपिएको उद्योग तथा सामान्य प्रशासन मन्त्रालयको जिम्मा चित्रकारलाई दिइएको थियो । मुख्यमन्त्री जम्कट्टेलले १० माघ २०७९ मा मन्त्रालय संख्या घटाएर ११ वटा कायम गरेका थिए । त्यसअघिको १४ वटा मन्त्रालय रहेकोमा कम बजेट भएका र प्रभावकारी काम नदेखिएका ३ वटा मन्त्रालय कटौती गरिएको थियो ।

मुख्यमन्त्रीमा पदभार ग्रहण गर्दै मन्त्रालय संख्या घटाउन कार्यदल गठन गरेका थिए । मुख्यमन्त्री तथा मन्त्रिपरिषद् कार्यालयका तत्कालीन प्रमुखसचिव मुकुन्द निरौलाको संयोजकत्वमा रहेको कार्यदलले मुख्यमन्त्री जम्कट्टेललाई मन्त्रालय संख्या निर्धारण गर्न दुईवटा विकल्प दिएको थियो । कार्यदलले कम्तीमा ९ वटा र बढीमा ११ वटासम्म मन्त्रालालय राख्न सकिने विकल्प दिएको थियो ।

कार्यदलले ९ र ११ वटा मन्त्रालय हुँदा खर्च र आम्दानीको हिसाबसमेत प्रतिवेदनमा उल्लेख गरेको थियो । कार्यदलका अनुसार एउटा मन्त्रालयको वार्षिक खर्च ७३ लाख रहेको छ । ११ वटा मन्त्रालय बनाउँदा मसलन्दबाहेक तलब भत्तालगायतका खर्च वार्षिक साढे ८ करोड हुने कार्यदलको निष्कर्ष थियो । ९ वटा मन्त्रालय बनाउँदा वार्षिक साढे ६ करोड खर्च हुने कार्यदलले जनाएको थियो ।

**साढे ६ वर्षमा चारपटक मन्त्रालय टुटफुट**

बागमती प्रदेश सरकार स्थापना भएको साढे ६ वर्षमा चार पटक मन्त्रालय टुटफुट भएका छन् । चारैपटक मन्त्रालय फुटाउने र जुटाउने कार्यमा गठबन्धन टिकाउनु प्रमुख कारण बनेको छ ।

२०७४ मा प्रदेश स्थापना भएपछि पहिलो मुख्यमन्त्री डोरमणि पौडेलले ७ वटा मन्त्रालय बनाएका थिए । साढे ३ वर्ष सरकारमा बसेका उनले ७ वटै मन्त्रालयबाट सरकार चलाएका थिए । तत्कालीन नेकपा विभाजनपछि भने बागमतीमा मन्त्रालय टुटफुट चलिरहेको छ ।

बागमती प्रदेशका पूर्वमुख्यमन्त्री राजेन्द्रप्रसाद पाण्डेले गठबन्धनमा भागवण्डा मिलाउन ८ वटा मन्त्रालय फुटाएर १४ वटाको जम्बो मन्त्रिपरिषद् गठन गरेका थिए । ११ कातिक २०७८ मा नयाँ गठबन्धनको नेतृत्व गर्दै गरेका पाण्डेले १५ मंसिरको मन्त्रिपरिषद् बैठकबाट निर्णय गराएका थिए । उनले एउटै मन्त्रालयलाई तीन टुक्रासमेत बनाएका थिए ।

तत्कालीन नेकपा विभाजन पछि भदौ २०७८ मा दुई महिना मुख्यमन्त्री बनेकी अष्टलक्ष्मी शाक्यले सामाजिक विकास मन्त्रालय फुटाएर स्वास्थ्य मन्त्रालय बनाएकी थिइन् । शाक्यले ७ वटा मन्त्रालयलाई स्वास्थ्य थप गरेर ८ पुऱ्याएकी थिइन् । एमालेको एकल सरकारमा उनले ४ जनालाई राज्यमन्त्री बनाएकी थिइन् । शाक्यले आफ्नो सरकार अल्पमतमा परेपछि १० कार्तिक २०७८ मा पदबाट राजीनामा दिएकी थिइन् ।

# बागमती प्रदेशसभा बैठक : ३१ सांसदले बोले

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/बागमती प्रदेशसभाको बुधबार २ वटा बैठक बसेको छ । प्रदेशसभाको पहिलो बैठकमा विशेष समय निर्धारण गरिएको थियो ।

विशेष समयमा सत्तापक्ष, प्रमुख प्रतिपक्ष र प्रतिपक्षका ३१ जना सदस्यले भाग लिदै आफ्ना धारणा, समस्या र सुझाव समेत दिए । विशेष समयमा बोल्ने सदस्यले विभिन्न जिल्लामा भइरहेको वन डढेलोलाई दीर्घकालीनरुपमै नियन्त्रण गर्ने प्रयासको लागि प्रदेश सरकारले गुरुयोजना तर्जुमा गर्नुपर्ने बताए । गुरुयोजना नबनेसम्म डढेलोबाट हुने धनजनको क्षति कमगर्न बैकल्पिक योजना तर्जुमा गरी कार्यान्वयन गर्न सल्लाह दिएका छन् ।

उनीहरुले डढेलाका कारण मृत्यु र घाइते भएकाका परिवारलाई सरकारले उचित सहयोग गर्नुपर्ने बताए । बैठकमा प्रतिपक्ष दलका प्रदेशसभाका सदस्यले हेटौंडा अस्पताललाई राजनीतिक दलगत स्वार्थको लागि प्रयोग गरिने उद्देश्यले मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानमा गाभ्ने सरकारको निर्णय फिर्ता लिनुपर्ने माग गरेका थिए । उनीहरुले जिल्लामा अत्यन्तै गरिबीको रेखामुनी रहेका सर्वसाधारण नागरिकलाई उपचार लिने क्रममा ज्यादै महँगो आर्थिक भारपर्ने भएकोले सो निर्णयलाई प्रदेश सरकारले खारेज गरी साबिक बमोजिमकै संघीय सरकारको मातहतमा रहने गरी प्रयोगमा ल्याउनुपर्नेमा जोड दिए ।

प्रदेशको विभिन्न जिल्लामा खानेपानीको व्यवस्था गर्न, सिँचाई, सडक निर्माण, ग्रामीण बस्तीमा विद्युत विस्तार गर्ने कार्यलाई प्रदेश सरकारले आगामी बजेटमा समावेश गराउन सरकारको ध्यानाकर्षण गराएका थिए ।

यसैगरी, प्रदेशमा कर तथा राजस्व अभिवृद्धि गर्ने क्रमलाई प्रदेश सरकारले सम्बन्धित अर्थविज्ञ र सरोकारवालासँग छलफल गरी राजस्व निर्धारण गर्न वैज्ञानिक प्रक्रिया अपनाउन आग्रह गरेका थिए । तामाङ र नेवारी भाषालाई सरकारी कामकाजको भाषाको रुपमा प्रदेशमा प्रयोगमा ल्याइएको भएपनि सभामा तामाङ र नेवारी भाषामा बोल्दा अनुवाद गराउने व्यवस्था गर्न प्रदेशसभा सचिवालयले तत्परता देखाउनुपर्ने बताएका थिए ।

बुधबार बसेको प्रदेश सभाको दोस्रो बैठकले 'प्रदेश उच्चशिक्षा ऐन, २०७८ लाई संशोधन गर्न बनेको अध्यादेश' बहुमतले स्वीकृत गरेको छ । अध्यादेश सामाजिक विकास मन्त्री कुमारी मोक्तानले सभामा स्वीकृत गरियोस् भनि प्रस्ताव पेश गरेकी थिइन् । यस्तै, सोही बैठकमा मुख्यमन्त्री शालिकराम जम्कट्टेलले प्रदेश लोकसेवा आयोगको चौंथो वार्षिक प्रतिवेदन पेश गरेका थिए । बागमती प्रदेशसभाको बैठक यही जेठ ६ गतेसम्मका लागि स्थगित भएको छ ।


## सम्पूर्ण ब्राण्डका गाडी

एकै ठाउँमा सम्पूर्ण सेवासहित

- कार वास भित्र/बाहिर
- वायरिङ मर्मत
- A/C मर्मत तथा ग्याँस रिफिलिङ
- सेन्सरसम्बन्धी समस्या कम्प्युटरबाट जाँचिने
- डेन्ट, पेन्ट, प्लाष्टिक/ग्याँस/इलेक्ट्रिक वेल्डिङ
- टायर ब्यालेन्स, पन्चर र फेर्ने काम मेशिनबाट
- इन्जिनसम्बन्धी सबै काम



**Himalayan Motors Pvt.Ltd.**

हेटौंडा, चौकीटोल,

सम्पर्क नं.: ०५७-५९०३३३


# टेलरिङ् र ब्यूटिसिएन तालिम सुरु



साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/हेटौंडा उपमहानगरपालिका-११ मा टेलरिङ तथा ब्यूटिसिएन तालिम सुरु भएको छ । बुधबार बागमती प्रदेशका पूर्वमुख्यमन्त्री डोरमणि पौडेलले तालिमको उद्‌घाटन गरेका हुन् ।

उनले तालिम पूरा गरेर आयस्रोत बृद्धि गर्न र बजारसँग जोडिन तालिममा सहभागीलाई आग्रह गरे । सीप सिकेर उद्यमशील भए आर्थिकरुपमा सबल भइने पौडेलको भनाई थियो । यस्तै बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाईंले सहभागीले रहरका लागि भन्दा पनि तालिम लिएर स्वरोजगार हुनुपर्नेमा जोड दिए । उनले तालिमप्रदायक संस्थालाई तालिममा कुनै कमी नगर्न समेत सुझाव दिए ।

प्रदेश युवा परिषद् बागमतीद्वारा आयोजित तालिमप्रदायक संस्था युनाइटेड टेक्निकल ट्रेनिङ एजुकेसनल प्रा.लि. काठमाडौं रहेको छ । संस्थाले देशभर सीपमूलक तालिम प्रदान गरिरहेको संस्थाका कार्यकारी निर्देशक केदार बास्तोलाले जानकारी दिए । हेटौंडा उपमहानगर पालिका-११ वडाको समन्वयमा सुरु भएको तालिममा ४० जना सहभागी छन् । वडाअध्यक्ष जुना दाहालको सभाध्यक्षतामा कार्यक्रम भएको हो ।

# रिजाल विज्ञ सल्लाहकारमा नियुक्त

साझाकुरा संवाददाता



हेटौंडा, २ जेठ/बागमती प्रदेशका खानेपानी, उर्जा तथा सिँचाई मन्त्री एकालाल श्रेष्ठले तुलसीप्रसाद रिजाललाई विज्ञ सल्लाहकारमा नियुक्त गरेका छन् ।

हेटौंडा-४ निवासी रिजाललाई विज्ञ सल्लाहकारमा नियुक्त गर्दै बुधबार पदस्थापन गरिएको हो । मन्त्रालयले रिजाललाई बौद्धिक सम्पत्तिको रुपमा प्रयोग गर्ने मन्त्री श्रेष्ठले बताए । मन्त्रालयले रिजालको बौद्धिकतालाई उच्चतम प्रयोग गर्दै प्रदेशको खानेपानी, उर्जा र सिँचाई नीति निर्माणमा सहयोग पुग्ने अपेक्षा लिएको बताइएको छ ।

पदस्थापनपछि सल्लाहकार रिजालले आफ्नो भूमिका जिम्मेवारी पूर्वक निर्वाह गर्ने बताए । विज्ञ सल्लाहकारले जनता र मन्त्रालयको अपेक्षाबमोजिम योजना बनाउने र गुणस्तरीय सेवा प्रदान गर्न सहयोग गर्ने बताए । उनले इमान्दारीपूर्वक प्रदेश सरकारको हितमा काम गर्ने प्रतिबद्धता व्यक्त गरे ।

समाजशास्त्र र व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका रिजालले यसअघि भूमिसम्बन्धी समस्या समाधान आयोगको विज्ञ सदस्यको रुपमा काम गरेका थिए । यसैगरी तत्कालीन कृषिविकास मन्त्रालयको सामाजिक समावेशी विज्ञको रुपमा मेची अञ्चलको प्रमुख भई काम गरिसकेका छन् । वरिष्ठ समाजशास्त्रीको रुपमा लामो समयदेखि क्रियाशील रिजालसँग शान्ति तथा पुनर्स्थापन विज्ञको रुपमा काम गरेको अनुभव पनि छ ।


Education is the real treasure

ADMISSIONS OPEN FOR 2081

From Nursery to Grade 9



Scholarships

a feature of socially responsible institution ....

Madhav Raj Sumargi Memorial Scholarship based on Entrance Tests 189+Seats

Rup Chandra Bista "Thaha" Memorial Scholarship based on Students' Talent 108+Seats

Bishwakanti Kalawati Sumargi Scholarship based on Students' Rank 39+Seats

Hurry Up !

Seats are limited
Book your seat on time

HETAUDA ACADEMY
Residential Secondary School
Shahid Smarak, Nawalpur, Hetauda, Nepal
☎057-525548 ☎057-525547 ☎057-523547

www.hetaudaacademy.edu.np | info@hetaudaacademy.edu.np



## ड्राइभिङ्ग सिक्ने तयारीमा हुनुहुन्छ ?

अब निराश नहुनुहोस्...

हामी कहाँ जतिसुकै नजान्ने भएपनि दक्ष तथा अनुभवी प्रशिक्षकद्वारा गाडी सिकाइनुका साथै लाइसेन्स परीक्षा र ट्रायल सहजै पास गर्न सक्ने गरी ड्राइभिङ्ग प्रशिक्षण दिइन्छ ।

**हाम्रा विशेषताहरुः**

- अनलाइन फर्म भर्ने सुविधा ।
- रोड टेस्ट गराइन्छ ।
- दक्ष प्रशिक्षकहरुद्वारा प्रशिक्षण ।
- लाइसेन्स ट्रायलको प्राविधिक ज्ञान दिइन्छ ।
- गाडीको पार्टपूर्जासम्बन्धी सम्पूर्ण ज्ञान दिइन्छ ।



सम्पर्क कार्यालयः
सितलमहल चोकबाट
ॐ हल जाने बाटोमा

प्रबन्ध निर्देशकः टिका कुमारी दुलाल

**के. के. ड्राइभिङ्ग प्रशिक्षण केन्द्र**

हेटौंडा-५, पिप्ले, मकवानपुर

सम्पर्कः ९८४५१७०४१५, ९८१७२८४६१४, ९८४५९२७०५७

साझाकुरा

## हाम्रो कुरा

# पूर्वाधारमा बजेट, खर्चमा चुनौती

बागमती प्रदेश सरकारले आगामी नीति तथा कार्यक्रमको प्राथमिकतामा पूर्वाधान विकासलाई समेट्ने प्रयास गरेको छ । तर, बजेट खर्च गर्ने चुनौती भने यथावत छ । सार्वजनिक खर्चको प्रभावकारिता बढाउनु चुनौतीपूर्ण रहेको छ । प्रदेशसभा बैठकमा मंगलबार विनियोजन विधेयक, २०८१ को सिद्धान्त र प्राथमिकता प्रस्तुत गरिएको छ । आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले बजेटको सिद्धान्त र प्राथमिकता पेश गरेका हुन् । थपलियाद्वारा प्रस्तुत सिद्धान्त र प्राथमिकताकै आधारमा अब बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट निर्माण हुनेछ । १४ जेठमा नीति तथा कार्यक्रम ल्याउने तयारी गरेको प्रदेश सरकारले १ असारमा नयाँ बजेट प्रस्तुत गर्नेछ । आगामी आर्थिक वर्ष २०८१/८२ को बजेट गुणस्तरीय सार्वजनिक सेवाप्रवाह तथा सुशासन प्रवर्द्धन, पूर्वाधार निर्माण र सामाजिक विकासका क्षेत्रमा केन्द्रित हुने छ । राष्ट्र्य योजना आयोगको पन्ध्रौं, सोह्रौं योजनाको अवधारणापत्र, बागमतीको प्रथम आवधिक योजनामा भएका नीति तथा संघीय सरकारले विकासशील राष्ट्रमा स्तरोन्नतिका लागि लिनुपर्ने रणनीति, हासिल गर्नुपर्ने दिगो विकासका लक्ष्यलाई बजेट आधारको रुपमा लिएको बताइएको छ । प्रदेशले भौतिक पूर्वाधारलाई बजेटको प्रमुख प्राथमिकतामा राखेको छ ।

वस्तुगत आवश्यकता र भौगोलिक सन्तुलनका आधारमा प्रदेशभित्रका पूर्वाधारको विकास गरिने छ । प्रदेश गौरवका आयोजना, बहुवर्षीय आयोजना र अधुरा आयोजना निर्धारित समयमा सम्पन्न गर्न आवश्यक प्रवन्ध मिलाइने छ । प्रदेश सडक गुरुयोजना स्वीकृत गरी सडक तथा पुल निर्माण, प्रदेश लोकमार्गको स्तरोन्नति र निर्मित भौतिक संरचनाको नियमित मर्मतसम्भार गर्ने, स्थानीय तहका केन्द्र एवम् प्रदेशभित्रका उदीयमान सहरलाई व्यवस्थित गर्न स्थानीय तहसँग सहकार्य तथा समन्वय गरिने छ । स्थानीय जनताले प्रत्यक्ष लाभ प्राप्त गर्ने, उत्पादन प्रवर्द्धन हुने, रोजगारी र स्वरोजगारीका अवसर श्रृजना हुने गरी भौतिक पूर्वाधार विकास र स्थानीय आर्थिक क्रियाक्लापबीच अन्तरआबद्धता कायम गरिने विनियोजन विधेयकमा उल्लेख छ । प्रदेश सरकारका भौतिक संरचनाको निर्माणमा प्राथमिकता दिइने जनाइएको छ । प्रदेश सरकारले बजेटको प्राथमिकतामा पूर्वाधार, सामाजिक क्षेत्र, कृषि, पर्यटनलाई राखेको छ । बागमती प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता सम्बन्धमा कर प्रस्ताव बाहेक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएको छ । सभामुख भुवनकुमार पाठकले प्रदेश सरकारको आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रमको सिद्धान्त र प्राथमिकता सम्बन्धमा कर प्रस्ताव बाहेक सभामा छलफल गरियोस् भन्ने प्रस्ताव स्वीकृत भएको घोषणा गरेका हुन् ।

प्रस्तावमाथि जेठ ६ गते बुधबार छलफल हुनेछ । सार्वजनिक खर्चबाट अपेक्षितरुपमा पुँजी निर्माण र रोजगारी सिर्जना गर्न पनि चुनौती रहेको बजेटको सिद्धान्त र प्राथमिकतामा उल्लेख छ । प्रदेश सरकारको सृर्जित दायित्व भुक्तानी तथा स्रोत सुनिश्चितता भएका आयोजनामा आवश्यक बजेट प्रस्ताव नहुनुलगायतका कारणले आयोजना तोकिएको समयमा सम्पन हुन नसक्ने अवस्था छ । प्रदेशको आर्थिक, सामाजिक विकासको गतिलाई अगाडि बढाउन संघ र स्थानीय तहसँग समन्वय र सहकार्य गर्नुपर्ने छ । वित्तीय संघीयतालाई थप प्रभावकारी बनाउन राजस्व बाँडफाँट र वित्तीय हस्तान्तरणलाई व्यवस्थित गरी खर्च लेखाङ्कनलाई सरल र सहज बनाउन समन्वय गरिने, तहगत समन्वय र सहकार्यमा आयोजना व्यवस्थापन गरिछ । वित्तीय साधनको मितव्ययी प्रयोग गरिने, मितव्ययीता कायम हुने गरी चालु खर्च विनियोजन गरिने, दोहोरो कार्यक्षेत्र भएका संरचनाहरु खारेज गरिने, औचित्य स्थापित नहुने दरबन्दीहरु आवश्यकता अनुसार व्यवस्थापन गरिने उल्लेख छ ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरु

| मकवानपुर प्रहरी | | एम्बुलेन्स सेवा | |
|---|---|---|---|
| प्रहरी कन्ट्रोल: | १०० | नेपाल रेडक्रस: | ५२०७११, ९८५५०२८९५२ |
| जिल्ला ट्राफिक: | ५२०५९९ | हेटौंडा अस्पताल: | ५२०३०५ |
| वडा प्रहरी: | ५२०२९९ | परिवार नियोजन संघ: | ५२०७४५,९८४५१०४५०० |
| पशुपतिनगर इलाका: | ५२०५९८ | मनहरी रेडक्रस: | ९८४५१०५८२१ |
| पालुङ इलाका: | ६२०४६७ | छतिवन रेडक्रस: | ९८६१६२२३११ |
| मनहरी इलाका: | ९८५५०९०१६१ | भीमफेदी रेडक्रस: | ६२०६९९ |
| इलाका फापरबारी: | ६२१९८० | पालुङ रेडक्रस: | ९८१४२०७४०१ |
| इलाका भीमफेदी: | ६९१४६२ | बज्रबाराही रेडक्रस: | ९८४५३०२९८४ |
| इलाका ठिंगन: | ९८४५२९९३८१ | सहकारी अस्पताल: | ०५७-५२६५८७, ९८४५६१९१९४ |
| चौकीटोल चौकी | ९७४२५५९५०१ | बसामाडी एम्बुलेन्स: | ९८४५२९७५७९ |
| चित्लाङ चौकी: | ६९२००० | बारुण यन्त्र: | १०१ |
| चौघडा चौकी | ९८४४०५४६०४ | बाल हेल्पलाइन नेपाल: | १०९८ |
| नेवारपानी चौकी: | ९७५५०००२९९ | माइती नेपाल: | ५२१०५० |
| फाखेल चौकी: | ९८४५०३१३९८ | अपाङ्ग बाल अस्पताल | ९८४५२९६४४५ |
| पदमपोखरी चौकी: | ९८४५०९९७८९ | | |

सार्वजनिक हितको लागि
साझाकुरा राष्ट्रिय दैनिक


## भोलिको पात्रो

भोलि वि.सं. २०८१ जेठ ४ गते शुक्रबार १७ मे २०२४ । नवमी, बैशाख शुक्लपक्ष । बछलाथ्व ११४४ ने.सं. । सूर्योदय ५:१६, सूर्यास्त ६:४६ । विश्व उच्च रक्तचाप दिवस । विश्व दूरसञ्चार दिवस ।

## आजको राशिफल

| | | | |
|---|---|---|---|
| **मेष** | : शुभ नतिजा आउनेछ | **तुला** | : पढाइलेखाइमा सफलता मिल्नेछ |
| **वृष** | : दिन रमाइलो हुनेछ | **वृश्चिक** | : घरेलु समस्याले सताउनेछ |
| **मिथुन** | : मन खिन्न हुनेछ | **धनु** | : आफन्तले धोका दिन सक्नेछन् |
| **कर्कट** | : शरीरमा स्फुर्ती बढ्नेछ | **मकर** | : मनमा उमङ्ग बढ्नेछ |
| **सिंह** | : घरायसी मेलमिलाप हुनेछ | **कुम्भ** | : काम गर्ने आत्मबल बढ्नेछ |
| **कन्या** | : रमाइलो छोटो यात्रा हुनेछ | **मीन** | : अरुको विश्वास जित्न सकिनेछ |

# कृषि क्षेत्रको नीति तथा कार्यक्रम : सदाबहार कर्मकाण्ड



✍ कृष्णप्रसाद पौडेल

सदा झैं सरकारले उत्पादन, उत्पादकत्व र रोजगारी बढाउने, आयात प्रतिस्थापन र कृषि तथा खाद्य उद्यमलाई नीति तथा कार्यक्रममा प्राथमिकता दिने कुरा गरेको छ । अन्नपात, तरकारी, पशु तथा मत्स्य उत्पादनमा दुई वर्षमा आत्मनिर्भर हुने, पाँच वर्षमा फलफूलमा आत्मनिर्भर हुने, स्वदेशमै उत्पादन सम्भव भएका वस्तुको उत्पादन बढाउने र निर्यात बढाउन तुलनात्मक लाभका उपज प्रवर्धन गर्ने, स्थानीय तहमा कृषि प्राविधिकको उपलब्धता र बाँझो जमिनमा खेतीपातीलाई प्राथमिकतामा राख्ने जस्ता कुरामा जोड दिने योजनाको प्रक्षेपण गरेको छ ।

यी सबै गर्न चाहिने लगानी भित्र्याउने लगानी सम्मेलनको असफलताको झोंक यो नीति तथा कार्यक्रममा 'लगानी दशक'को रूपमा व्यक्त गरिएको छ । उत्पादनदेखि बजारीकरणसम्मको मार्गचित्र बनाउने र कृषिमा 'लगानी दशक' को उद्घोष गरेर निजी क्षेत्रलाई ललिपप र विश्व वैश्विक 'दलाल पूँजी'लाई स्वागत गरेको जनाउ दिएको छ । यो कृषि सपार्ने भन्दा दलाल पोस्ने अभिप्रायबाट ग्रसित छ ।

सँगै कृषि इकोसिस्टमको प्रणाली विकास गरिने अमूर्त उद्घोष गरेर अतिरञ्जना र आत्मरति प्रस्तुत गरिएको छ । कृषि प्रकृतिसम्मत घरपालुवा गरिएको प्रणाली हो भन्न समेत हिच्किचाएको यो सरकार जैविक कृषिको एउटा वाक्यांश राखेर पन्छिन खोजेको छ । यसका योजनाकार यो लघुताभासबाट माथि उठ्न सकेका छैनन् । 'टालाटुली बटुली कति राम्रो पुतली' मै रमाएका नीति-निर्माताको क्षमता र दूरदृष्टि यसमा पटाक्षेप भएको छ ।

भू-उपयोगको कानुनी व्यवस्था समेत हेक्का नराखेका योजनाकारले जग्गा दलालका मतियारले कृषि जमिनको सुरक्षा गर्ने नकच्चरो प्रस्ताव अघि सारेका छन् । जग्गा दलालका मतियार सावित भइसकेको सरकारको भू-उपयोगको योजना र कार्यक्रमको दुर्दशा कसबाट छिपेको छ र ? किसान पहिचान र वर्गीकरण गरी यसका आधारमा सेवा तथा सुविधा पुऱ्याउने हतियार विगत दशकदेखि भुत्ते भइसकेको कसले बिर्सेको होला ?

नीति तथा कार्यक्रममा सरकार, सहकारी र समुदायको सहकार्यमा जोड दिने कुरा गरिएको छ । नयाँ, पुराना पार्टी र तिनका नेताकै चलखेलमा बदनाम सहकारीको कृषि सपार्न गरिने सहकार्यको प्रस्तावमा कसको र कस्तो भरोसा होला ? कि सरकारले प्रस्ताव गरेको सहकारी अर्कै ग्रहबाट भित्र्याउने हो ? हैन भने यिनैको लुट र चरम शोषणको प्रतिबिम्ब बनेको सहकारी कसरी कृषि सपार्ने कर्ता होला ? यसको जवाफ त सत्ताधारी र विपक्षीका सहकारी दलालले देलान् नै !

यो सँगै, कृषि सपार्न चकलाबन्दी खेती विस्तार गर्ने, सिंचाइ उपलब्ध गराउने कुरा सदावहार कथ्य हुन् । यिनको कथ्य रचना किसान विस्थापित गरी कृषिमा दलाल भित्र्याउने पुरानै खेलका नयाँ नियम जस्तै हुन् ।

सतह सिंचाइ र भूमिगत जल उत्खनन् पाँच दशकदेखिका सुगारटाइ हुन् । केही आसेपासे र ठेकेदार पोस्ने परियोजना हुन् भन्न सरकारी तथ्याङ्क नै काफी छन् । स्थानीय बालीको तथ्याङ्क राख्ने प्रविधि हस्तान्तरणका लागि सीपमूलक तालिम र प्राविधिक सहयोग, कृषि बजारको पहुँच र विस्तारदेखि नश्ल सुधार र पशु स्वास्थ्य सेवाको विस्तार लगायत योजना नयाँ बोतलका पुराना रक्सीका उखान साबित गर्न पर्याप्त छ ।

कृषि पूर्वाधार र बजार, हरेक स्थानीय तहमा कृषि प्राविधिक, किसान सूचीकरण र स्थानीय तहको माग अनुसारको फलफूल तथा तरकारी विकास जोनिङ लगायतका प्रस्ताव धेरै अर्थमा बारम्बार असफल भएका कार्यक्रम हुन् जुन अझै पनि प्राथमिकताको सूचीमा देखिए । यस्ता असफल कार्यक्रमको प्रक्षेपण बार बार किन गरिन्छ ? यसको चित्तबुझ्दो जवाफ त सरकारले दिँदै नै गर्ला तर यो सबैले कृषि सपार्ने भन्दा झारा टार्नेमै जोडबल गरेको भन्दा अतिशयोक्ति हुँदैन ।

विवादित प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना र रासायनिक मल कारखाना यो नीति तथा कार्यक्रममा परेको छैन । यो सकारात्मक स्वीकारोक्ति देखिएको छ । यसले परम्परागत सोचले अघि बढ्न नसकिने कुरा स्वीकार गरेको प्रतीत हुन्छ । तर यी बदनाम भएर लुकाउने प्रयास मात्र गरिएको हो भनेर बुझ्न कुनै कठिनाइ छैन । किनकि अहिले पनि अन्य असफल कार्यक्रम प्राथमिक सूचीमै रहेका छन् । उदाहरणका लागि, राष्ट्रपति चुरे कार्यक्रम जीवितै छ र सँगै प्रधानमन्त्री छोरी कार्यक्रम थपिएको छ । किञ्चित सरम नमानी यस्तो आलंकारिक नामकरण गरी नीति तथा कार्यक्रममा प्रस्ताव गर्नु भनेको यो पदको गरिमा घटाउने र गणतन्त्रको मर्मको उपहास गर्ने उद्दण्डता मात्र हो ।

यति हुँदाहुँदै पनि, समग्र नीति तथा कार्यक्रमको चित्रमा कृषिलाई आँखा चिम्म गरेर हात्ती छामे जस्तो एकाङ्गी ढाँचामा विचार गर्दा यी कुरा उपयुक्त नै लाग्न सक्छन् तर यो प्रस्ताव कृषि बिगार्ने यथास्थितिकै प्रस्तावको निरन्तरता हो । यस्ता छेउ न टुप्पाको सोच कसरी लागू हुन्छन् ? यसको प्रतिफल के आउँछ ? सहजै अनुमान गर्न सकिन्छ । तर पख्नोस्, यसको असली कुरूपता त यसपछि आउने बाँडचुँडको बजेटमा झनै स्पष्ट हुनेछ ।

समग्रमा, सरकारको यो नीति र कार्यक्रमले कृषि क्षेत्र प्राथमिकतामा परेको देखाउन खोजे पनि निहित स्वार्थका लागि वैदेशिक लगानी भित्र्याएर कृषि क्षेत्र तहसनहस बनाउन नै उद्यत छ । यसअघिका कृषि विकासका नीति तथा कार्यक्रम, कार्यान्वयनमा संस्थागत असफलताको समीक्षा नगरी नयाँ शब्दजालको सदाबहार खेती गरेर यो प्रस्ताव सर्वकालीन औपचारिकतामा सीमित गरिएको छ । अधिकांश प्रस्ताव पैसा भए कृषि उन्नत भइहाल्ने मनोरोगको शिकार भएको देखिन्छ । पैसाले मात्र खेती हुने भए अहिले पैसा फलाउन उद्यत सबै दलाल अर्थतन्त्रका मतियार यसैको खेती गर्ने थिए । तर विगतका अनुभवले पैसाले मात्र कृषि उन्नति नहुने बरु यो बिचौलियाका हातमा पुगेर सधैंका लागि पलायन हुने तितो अनुभव छ ।

आरोप जस्तो सुनिए पनि, यसो भन्न यस नीति तथा कार्यक्रममा यथेष्ट प्रमाण छन् । यो नीति तथा कार्यक्रमले आजको नेपालको कृषिको सन्दर्भ, समस्या, चुनौती र सुधारका लागि उपयुक्त प्रस्तावमा प्रष्ट ढाँचा प्रस्तुत गर्न सकेको छैन । सरकारले ल्याएका सुधारात्मक देखिने प्रस्ताव पनि उधारो बाचामा मात्र सीमित छन् । खासगरी उत्पादन, उत्पादकत्व र रोजगारी बढाउने कृषिको मार्गचित्र र प्रस्तावित कृषि इकोसिस्टम ढाँचा विकास गर्ने कार्ययोजना अमूर्त छ ।

मुलुकको संकटग्रस्त कृषि क्षेत्रका मुख्य समस्याहरू खासगरी, किसान पलायन, माटो तथा पानी पुनर्भरण र पुन: उत्पादन गर्ने जस्ता महत्वपूर्ण सवाललाई सम्बोधन गर्न त परै जाओस् यो नीति तथा कार्यक्रम यी समस्यालाई आत्मसात् समेत गर्न सकेको छैन । यी सवाल सम्बोधन गर्न कुनै हिसाबले उन्मुख नहुनुले अहिलेकै कृषिलाई टालटुल पार्ने तथा यसलाई थप निर्यातमुखी र व्यापारिक बनाउने कुरामा नै जोडबल गर्न खोजेको स्पष्ट देखिन्छ । यो कृषि कर्मका नाममा पैसा फलाउने वैश्विक दलालको पक्षपोषण गर्ने निहित स्वार्थमा सरकार डुबेको भन्नुपर्ने हुन्छ ।

यी सबै केलाउँदा नीति तथा कार्यक्रमले कृषि सपार्ने खासै नयाँ प्रस्ताव गरेको छैन । यसले कृषि सपारेर हाम्रो उन्नत भविष्य बनाउने आश पालेका लाखौं किसानलाई सदा झैं निराशा बाहेक केही दिँदैन । हामी अरू एक वर्ष खेर फाल्ने शर्तमा पर्खिनुपर्ने अवस्थामा पुगेका छौं ।

हुनत यो सरकारको नीति तथा कार्यक्रमको प्रस्ताव भएकोले संसद्मा यसबारे थप चिन्तन-मनन् होला भन्ने अपेक्षा राख्न सकिन्छ । मूल रूपमा, अहिलेकै असफल कृषिको निरन्तर ताको प्रस्ताव आउनुले खेतीपातीको प्रयोजनमै स्पष्टता नभएको यो सरकारको कृषि क्षेत्रको समग्र उन्नतिको आधार खोज्ने भन्दा झारा टार्ने मनोवृत्ति देखिन्छ । सरकार टिकाउने लालची स्वभावले ग्रस्त नयाँ-पुराना भ्रष्टबाट योभन्दा अरू अपेक्षा नै मूर्खतापूर्ण हुनेछ । समग्रमा एकाध प्रस्तावमा कृषि बिग्रेको र किसान पलायन भएको यथार्थ स्वीकार गरिएको भए पनि यो समग्रमा सदाबहार ढोंग भन्दा माथि उठ्न सकेको छैन ।

खानाका लागि खेतीपातीका आधारभूत सवाल बेवास्ता गरेर गरिएको नीति तथा कार्यक्रमको घोषणाले हाम्रो कृषि उन्नतिको ढोका खोल्न सघाउँदैन । पलायन हुँदै गएको कृषि क्षेत्रलाई उत्थान गर्ने दीर्घकालीन सोच यो नीति तथा कार्यक्रमको प्रस्तुतिमा कतै देखिँदैन । कृषि दशक र कृषि इकोसिस्टम प्रणाली विकास गर्ने कुरा गरेर सरकार दाता रिझाउन सफल भएको आत्मरतिमा रमाउँदै आफैंलाई आश्वस्त पारेको भान हुन्छ । यो सरकारको लघुताभास मात्र हो ।

समग्र प्रस्तावमा मूलत: हरित क्रान्ति कृषिका मापदण्डमा आधारित नेपालको खेती प्रणाली नै समस्याको मूल कारक भएको तथ्यलाई आत्मसात् गरी यसको विकल्प खोज्नुपर्ने यथार्थबाट भागेको छ । हाम्रो परिवेशमा अनुपयुक्त यूरोप केन्द्रित हरित कृषि क्रान्ति हाम्रो कृषि क्षेत्रमा थपेका चुनौतीको सामना गर्नेबारे यो नीति तथा कार्यक्रमले कुनै चासो देखाएको छैन बरु घुमाउरो पारामा त्यसैको पदचाप पछ्याएको छ ।

यसको सीधा अर्थ के हो भने एकीकृत कृषि ऐन बनाएर कृषि सपार्ने मार्गप्रशस्त गर्नुपर्ने सरकार संविधानप्रदत्त नागरिकको खाद्य अधिकारको अपमान गर्न कटिबद्ध छ । सँगै यसले जलवायुको जोखिम बढेको र खाद्य प्रणाली आयातित भएको घाम जत्तिकै छर्लङ्ग यथार्थ नदेखेको स्वाङ गरिरहेको छ ।

अन्त्यमा, यी सबै तथ्यको यथार्थपरक आकलन विनै हचुवाका भरमा बनाइने नीति, बजेट र कार्यक्रम विगतमा जस्तै बालुवामा पानी हालेसरह हुँदैन भन्ने के छ ? तसर्थ हाम्रो सन्दर्भमा खेतीपातीको मुख्य प्रयोजन र प्राथमिकता के हुन् ? खेतीपातीका हाम्रा विगतका असफलताको प्राथमिक कारण के के हुन् ? निरन्तर ओरालो लागेको कृषि सपार्ने तत्कालीन, मध्यकालीन र दीर्घकालीन दृष्टिकोण, संयन्त्र र संक्रमणकालीन मार्गचित्र र कार्यनीति के के हुन् ? यिनको सम्बोधनको पहल गर्ने मुख्य जिम्मेवार नेतृत्व को हो ? जस्ता सवालको सम्बोधन गर्ने स्पष्ट आधार नखोजी परम्परा धान्ने नीति र कार्यक्रमका सनातनी बिरालो बाँध्ने कर्म हुन् र यस्ता नीति तथा कार्यक्रमले नेपालको संकटग्रस्त कृषि फेरिँदैन । चेतना भया !

*(साभार: अनलाइनखबर)*

# जबर्जस्ती खल्तीमा पैसा राख्दै गरिने 'स्टिङ्ग अपरेसन' ?

✍ सुशीला कार्की

प्रधानन्यायाधीशबाट सेवानिवृत भएपछि, एउटा कार्यक्रममा प्रमुख अतिथिका रुपमा सहभागी हुँदै थिएँ । त्यही कार्यक्रमस्थलमा नै एकजना पत्रकार भाइले सानो अन्तर्वार्ता लिन आउनुभयो ।

उहाँको मलाई पहिलो प्रश्न थियो, 'तपाईंले पदमा रहँदा बस्दा भ्रष्टाचार गर्नुभयो कि भएन ?' त्यो प्रश्न मलाई तत्काल अनौठो लाग्यो र म हाँसे मात्र । मेरो जवाफ थियो, 'तपाईंलाई के लाग्छ, मैले भ्रष्टाचार गरेँ कि गरिनँ ?'

उनी क्षणभर अक्मकिएका थिए, मेरो प्रतिप्रश्न सुनेपछि । त्यो यहाँले भन्ने कुरा हो, मैले मेराबारेमा भन्ने होइन । मान्छेको व्यक्तित्वको परख गर्ने ऐना भनेको समाज हो । भ्रष्टाचार गर्नेहरूले गरेको छैन भनी भाषण र पर्चावाजी गरी आफ्नाबारेमा पत्रकारहरूलाई हात लिएर गुनगान गर्ने गरी लेख लेख्न लगाएर, स्तुतिगान गर्न लगाएर पनि हुँदैन ।

भ्रष्टाचार नगर्नेहरूले मैले भ्रष्टाचार गरेको छैन भनी आफ्नाबारेमा टुँडिखेलमा माइक नै फुट्ने गरी भाषण पनि गरिरहनु पर्दैन । भ्रष्टाचार गर्ने व्यक्तिको भ्रष्ट आचरण समाजले देखेर नै भ्रष्टाचारी भनी दोषारोपण गर्ने गरेका हुन्छन् । भ्रष्टाचारी ठहर हुने केही मापदण्डहरू छन् । संसारभरि करिब करिब भ्रष्टाचारको मूल्याङ्कन त्यसरी नै हुने गरेको छ ।

सेवामा रहँदा कर्मचारीले कति आयआर्जन गरेको थियो ? सेवापूर्व उसको वास्तविक सम्पत्ति कति थियो ? कर्मचारी र उसको परिवारको रहनसहन, बसउठ खर्च गर ई, आय अनुसारको व्यय छ कि छैन ? तत् सवालको पनि मूल्याङ्कन हुने गरेको हुन्छ । आज भोलि प्रमाणको मूल्याङ्कन गरिँदा अमुक कर्मचारीको नजिकको नातेदारका नाममा सम्पत्तिमा कति बढोत्तरी भएको छ ? त्यसको पनि अध्यायन गरिन्छ । एक प्रकारले भ्रष्टाचारी हो कि होइन सो तथ्यको छानबिन गरिँदा सेवामा प्रवेश गर्नुपूर्व र सेवामा प्रवेश गरेपछिको हैसियत र आर्जनको हिसाब-किताबको मूल्याङ्कन गरिन्छ ।

व्यक्ति व्यक्तिको हकमा केही सुविधासहितको मूल्याङ्कन पनि गर्ने गरिन्छ, जस्तो कि सम्पत्ति मूल्याङ्कन हुँदा खरिद हुँदाको वर्ष वा समयको मूल्यलाई आधार लिने गरिन्छ । पछि भाऊ वृद्धि भएको मूल्य वृद्धिलाई आधार लिने गरिँदैन । अनि आयभन्दा सात प्रतिशतसम्म बढी वा त्यसको हाराहारीमा मौजुदा सम्पत्ति आरोपित व्यक्तिको परिवार वा उसको नाममा देखिएमा करिब करिब भ्रष्टाचारी ठहर नभएका पनि छन् ।

भ्रष्टाचारको यथेष्ट प्रमाण हुँदा हुँदै पनि त्यसको अवलम्बन नगरी भ्रष्टाचारीलाई सफाई दिएमा न्यायकर्ताबाट त्रुटि भएको मानिए जस्तै, भ्रष्टाचार नगरेकालाई जवर्जस्ती भ्रष्टाचारी ठहऱ्याउनु पनि अपराध नै हो । कुनै कुनै कर्मचारीहरूको हकमा कस्तो पनि देखिन्छ भने तिनले पेट कसेर घर व्यवहारको खर्च अति कम गरेर वेतनको रकम बचाएर सस्तो जग्गामा रकम लगानी गरी सम्पत्ति आर्जन गर्ने गरेका पनि छन् ।

तिनका परिवारले पनि खेतीपाती, बस्तु बाख्रा पाठा पालेर मेहनत गरी भरमग्दुर दु:ख कष्ट गर्ने गरेका हुन्छन् । तिनले गुन्द्रुक र सिन्कीको झोल र बारीका रायोको सागमा छाकै टारेको पनि देखिन्छ । बीस वर्ष पहिले त्यस हिसाबमा तीस हजार रकम राखी खरिद गरेको जग्गा, घर सम्पत्ति रहेछ भने आजका दिनमा त्यसको मूल्य करोडभन्दा माथि पुगिसकेका छन् ।

तसर्थ, हिजो आजको हिसाबमा बढे बढाएर करोड करोड मूल्य देखिएर मात्र पनि हुँदैन । यी सबै कुरा समाजले छरछिमेकीले देखेको मूल्याङ्कन गरेको हुन्छ । जसले जेसुकै भनोस् खुलेआम भ्रष्टाचार गर्नेहरू कानुनको फन्दामा कुनै पनि बखत पर्न सक्ने छन् । बाजे नपरे, छोरा पर्न सक्छ, छोरा नपरे नाति पर्न सक्छ । अकूत सम्पत्ति कति दिनसम्म लुकाउने ?

फेरि एउटा अर्को भनाई पनि छ, 'लुकेको धन लुकेर नै जान्छ ।' किनकि चोरेको, लुटेको धन खुलेआम खर्च गर्नलाई सरकारको, चोरको, डाकाको, लुटेराको, मवालीहरूको डर सदैव रहन्छ । यसो त भन्ने हो भने नेपालमा नकारात्मकपूर्ण वातावरणमा जेको पनि छुट छ सबैको हकमा होइन, पहुँच हुनेहरूका हकमा । अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई 'स्टिङ्ग अपरेशन'को कारबाही सञ्चालन गर्न पाउने नियमावलीको दफालाई खारेज गर्ने संवैधानिक इजलासको निर्णयपूर्व केही पत्रिकाका संचालकहरू, सर्वोच्चका न्यायाधीशहरू र कानुन व्यवसायीहरूको गोप्य बैठकको अडियो प्रचारमा ल्याइयो । त्यसमा त्यति गम्भीर प्रमाणहरूद्वारा पुष्टि हुन सक्ने सामान्य आधार पनि देखिँदैन ।

एक त, त्यस्ता अडियोलाई न्यायालयले दोस्रो दर्जाको प्रमाण मान्छ । ती भरपर्दा स्वतन्त्र प्रमाणहरूबाट पुष्टि नभएसम्म प्रमाणका रुपमा लिन मिल्दैन पनि । फेरि त्यहाँ उपस्थित भएको भनिएका कानुन व्यवसायी र न्यायाधीशहरूको सो मुद्दासँग कुनै सरोकार भएको पनि देखिँदैन । कानुन व्यवसायी हरिप्रसाद उप्रेतीलाई मैले चिनेको ४७ वर्ष जति भयो होला । तथापि उनको राजनीतिक विचारधारा कुनै दलसँग आवद्धता होला, तर उनले व्यवहारमा कहिले पनि बार एशोसिएसन र राजनीतिक दलबीच पुल बन्ने काम गरेको देखिएन । न त कुनै पदको आकांक्षा कहिले राखेको देखियो ।

विशुद्ध वकालतको मर्यादा पालन गर्ने व्यक्ति हुन् । उनी मुलुक भ्रष्टाचारमय होस् भन्ने चिन्तन राख्ने व्यक्ति हुन् जस्तो पनि लाग्दैन । न्यायाधीश आनन्दमोहन भट्टराई, एक सामान्य न्यायाधीश मात्र नभएर उनी एक इमान्दार, विद्धान र मुठ्ठीभरीका संख्यामा रहेका अन्तर्राष्ट्रिय कानुनका विशषज्ञमध्ये एक हुन् । उनले नेपालमा भ्रष्टाचार र भ्रष्टाचारीको साम्राज्य होस् भनी किमार्थ चिन्तन राख्दैनन् । त्यसैले त्यस्ता व्यक्तिको नाम आउँदा विश्वास नहुनु स्वाभाविक पनि हो । अर्कोतर्फ 'स्टिङ्ग अपरेशन' गर्नै नहुने भन्ने त होइन । हाम्रो अदालती व्याख्यामा पनि अख्तियार स्वयंले स्वेच्छाचारी र जवर्जस्ती तरिकाले 'स्टिङ्ग अपरेशन' गर्नु हुँदैन भनेको मात्र हो ।

यो अमेरिका, बेलायत, र युरोपियन मुलुक तथा विकसित मुलुकमा फाप सिद्ध छ । जुन मुलुकहरूमा वास्तवमा विधिको शासन लागू भएका छन् । हालसालै पूर्व अमेरिकी राष्ट्रपति ट्रम्पविरुद्ध चलेको विवादमा न्यूयोर्कको अदालतमा उपस्थित हुनुपर्ने बाह्रजना जुरीहरू, जो प्रथम पटक नियुक्त थिए । तिनले हामी निष्पक्ष नहुन सक्नेछौँ भनी सो मुद्दामा बस्न इन्कार गरेका थिए । त्यस्तो इमान भए पो हुन्छ ।

जहाँको अख्तियार प्रमुख स्वयम् भ्रष्टाचारी पुष्टि भएका छन् वा भ्रष्टाचारको आरोप झेलिरहेका छन्, अथवा व्यापारी, उद्योगपति, कर्मचारीहरू, शिक्षक, धनीमानी मानिसहरूसँग मोटो रकम 'लेवी' उठाउन भनी स्वयम् लागिपरेका छन् । त्यस्ताले गरेको 'स्टिङ्ग अपेशन' हो कि लुट । 'स्टिङ्ग अपरेसन'का नाममा जबर्जस्ती खल्तीमा पैसा राख्दै गरेको 'अपरेसन', के 'अपरेसन' ? जसको कुनै विश्वासनीयता नै हुन सक्दैन ।

नेपालमा यही वातावरणमा 'स्टिङ्ग अपरेसन' निरन्तर कायम रहिरहेको भए, आत्माहत्या गर्नेहरूको संख्यामा निश्चय नै व्यापक वृद्धि हुने थियो । सामाजिक सञ्जालको नाममा केही व्यक्ति र पत्रकारहरूले जथाभावी जसको विरुद्धमा पनि बोली दिने, झूठो आरोप लगाई दोषारोपण गरी बदनाम गर्ने गरेको देखिन्छ । केही समयअघि पूर्व अख्तियार प्रमुख सूर्यनाथ उपाध्यायलाई एउटा समारोहमा बोल्न बोलाएर, उल्टै मानमर्दन गर्ने गरेको पनि देखियो ।

सूर्यनाथजीले भ्रष्टाचारको सन्दर्भ जति छानबिन गरेर मुद्दा चलाउन सक्नु भएको छ, त्यति आजसम्म कसैले गरेको देखिएको छैन । उहाँले भ्रष्टाचारका मामलामा आफूलाई नियुक्त गर्ने ब्यक्तित्वलाई त छाड्नु भएन । त्यही ठाउँमा बसेर काम गर्नेहरूसँग सोधे हुन्छ कि यो मुलुकको व्यापक आर्थिक र नीतिगत भ्रष्टाचारमय वातावरणमा काम गर्न कति कठिनाइ हुन्छ ? कति धम्की र चुनौतीको सामना गर्नुपर्ने हुन्छ ?

आलोचनाका नाममा मुठ्ठीभर केही ब्यक्ति र सन्जालकर्मीको कार्य हरसंस्था र हर शुद्ध छवि भएका ब्यक्तित्वहरूको विरुद्ध जाई लागेको देखिन्छ । त्यतिमात्र नभएर सिङ्गो न्यायापालिकाको कार्यशैलीको आलोचना गर्नु, सिङ्गो वार संस्था एकमुष्ठको विरोध गर्नु र प्रत्येक संस्था भ्रष्ट छन् भनी घृणा फैलाउनु कुनै उचित काम होइन । मुलुकमा भएका सबै तीन करोड जनता नै भ्रष्ट हुन् भन्न सम्भव छ र ?


नेपालको हकमा सर्वविदितै छ कि भ्रष्टाचार गर्ने मुठ्ठीभरी संख्यामा नेता, कर्मचारी, राष्ट्रसेवक, स्थानीय तहका नेता र जनप्रतिनिधिहरू छन् । तिनै प्रकृतिका समूहभित्र विशुद्ध भ्रष्टाचार नगर्ने शुद्ध मानिसहरू पनि छन् ।

*(साभार: बाह्रखरी)*

# कांग्रेससँग संसद्मै भिड्ने मूडमा ओली

काठमाडौं/सत्तारुढ नेकपा एमालेले प्रमुख प्रतिपक्षीसँग संसद्मा भिड्ने संकेत गरेको छ । बुधबार एमाले अध्यक्ष केपी शर्मा ओलीले कांग्रेसको अवरोध सहेर नबस्ने र कांग्रेसका बदमासीहरुबारे कुरा उठाउने बताएका हुन् ।

सहकारी अनियमिततामा गृहमन्त्री रवि लामिछानेको संलग्नताबारे छानबिनका लागि संसदीय समिति गठन गर्न माग राखेको नेपाली कांग्रेसले संसद् अवरुद्ध गर्दै आएको थियो । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड समिति बनाउन सकारात्मक देखिएपछि कांग्रेसले १ जेठमा संघीय संसद्को संयुक्त बैठकमा राष्ट्रपतिले नीति तथा कार्यक्रम प्रस्तुत गर्दा अवरोध गरेन ।



तर त्यसलगत्तै बसेको प्रतिनिधि सभा र राष्ट्रिय सभाको छुट्टाछुट्टै बैठक भने कांग्रेसले अवरोध गर्‍यो । अर्को बैठक बिहीवार ११ बजेका लागि बोलाइएको छ । त्यसको अघिल्लो दिन संसदीय दलको बैठक राखेर एमाले अध्यक्ष ओलीले कांग्रेसको मागअनुसार संसदीय समिति गठन नगर्ने मात्र बताएनन्, कांग्रेसको अवरोध सहेर नबस्ने चेतावनी समेत दिएका छन् ।

'हामी चुप लागेर बसेका छौं भनेर हाम्रो बोली छैन भन्ने कांग्रेसले नबुझ्दा हुन्छ' उनले चेतावनीको भाषामा भने, 'संसद् अविलम्ब, भोलिबाट सुचारु हुनुपर्छ । कांग्रेसको बकवास सुनिरहन हामी तयार छैनौं ।'

बिहीवार संसद्मा उपप्रधानमन्त्री तथा गृहमन्त्री रवि लामिछानेलाई बोल्न दिनुपर्ने उनले बताए । 'पहिले रवि लामिछानेले बोल्न पाउनुपर्छ, होइन भने हामी बोल्छौं', ओलीले सांसदहरुलाई निर्देशित गर्दै भनेका छन्, 'कांग्रेसले चाहिं बोलिरहने, अर्कालाई आरोपित गरिरहने, अनि बकवासको प्रतिवाद पनि गर्न नपाउने ?'

कहीं कतै उजुरी र जाहेरी नपरेको भन्दै ओलीले गृहमन्त्री लामिछानेको बचाउ गरे । 'अनि कांग्रेसले पाखुरा देखाएको भरमा, मसलको राजनीति गरेको भरमा हामी लत्रिदिनुपर्ने ?' ओलीले भने, 'आरोपित गरेको व्यक्तिले सफाइ दिन पाउनुपर्छ । पहिलो कुरा नै त्यही हो, (रवि लामिछानेले) बोल्न पाउनुपर्छ ।'

बिहीवार गृहमन्त्री लामिछानेले 'राजनीतिक दल सम्बन्धी (दोस्रो संशोधन) विधेयकमाथि विचार गरियोस्' भन्ने प्रस्ताव पेश गर्ने सम्भावित कार्यसूची छ ।

२ चैत २०८० मा पनि यो विधेयक गृहमन्त्रीले पेश गर्ने कार्यसूची थियो, तर कांग्रेसका सांसदहरुले वेल घेराउ गरेपछि लामिछाने रोष्टम उक्लिन पाएनन् । २७ चैतमा पनि संसद् कार्यसूचीमा प्रवेश नै गर्न सकेन ।

२४ वैशाखमा गृहमन्त्री लामिछानेले सहकारीको रकम हिनामिनाबारे आफूमाथि लागेको आरोपबारे जवाफ दिन समय माग गर्दै सभामुखलाई पत्र नै लेखेका छन् ।

कांग्रेसले शुक्रबार गृहमन्त्रीलाई बोल्न दिने निर्णय गरेको पनि थियो । तर गृहमन्त्री बोलेपछि आफ्ना सांसदले बोल्न पाउनुपर्ने कांग्रेसको मागमा सत्तारुढ दलहरु सहमत नभएपछि त्यो दिन पनि संसद अवरुद्ध भयो ।

त्यही दिन बसेको दोस्रो बैठकमा सभामुखले गृहमन्त्रीलाई बोल्न समय पनि दिए, तर कांग्रेस सांसदहरुले वेल घेराउ गरेपछि लामिछाने रोष्ट्रममा जान पाएनन् । बुधबार राष्ट्रपतिलाई धन्यवाद प्रस्ताव समेत पास गर्न नदिएको कांग्रेसले संसदीय छानबिन समिति गठन नभएसम्म संसद् कार्यसूचीमा प्रवेश गर्न नसक्ने बताएको छ ।

एमाले अध्यक्ष ओलीले भने कांग्रेसको यो कदमलाई सर कारबाट बाहिर जानुपर्दाको कुण्ठा मात्र भएको दाबी गरे । 'सरकार खुस्क्यो, अनि रविलाई चिथोर्ने ?' उनी भन्छन्, 'रविको कमी-कमजोर ी छ भने त्यो त निकायहरु छ नि कारबाही गर्न । कसैले केही कार बाही थालेको छैन कांग्रेसले आफैं सबकुछ गर्ने ? उत्तेजनामा आउने, मुख छाड्ने ? '

अब कांग्रेस कराइरहने, आफूहरु सुनिरहने नहुने भन्दै ओलीले संसदमा कांग्रेसले गरेका 'बदमासी'हरुका सम्बन्धमा कुरा उठाउने बताएका छन् । 'संसदमा हामीले भोलिदेखि बहस गर्न पाउनुपर्छ' सांसदहरुलाई निर्देशित गर्दै ओलीले भने, 'हाम्रा साथीहरु ढुक्कले बहस गर्न तयार भएर जान्छौं ।'

'कांग्रेस बोल्न पाउने, हामी बोल्न नपाउने ? कांग्रेस बोल्दा हामीले सुन्नुपर्ने ? हामी बोल्दा चाहिँ कांग्रेस कराउने कहाँ हुन्छ त्यो ? कांग्रेसलाई बोल्न दिइँदैन अब', ओलीले भने । संसदमा नारा लगाउन आफूलाई मात्रै आउँछ जस्तो नगर्न पनि कांग्रेसलाई ओलीको चेतावनी छ ।

**न्यायाधीशलाई पनि चेतावनी**

एमाले अध्यक्ष ओलीले गिरीबन्धु टी इस्टेटको जग्गाका विषयमा सर्वोच्च अदालतले गरेको फैसलामा पनि प्रश्न उठाएका छन् । हदबन्दी भन्दा बढीको जग्गा सट्टापट्टा नहुने फैसला सुनाएको सर्वोच्चले ओली सरकारको पालामा भएको कानुन संशोधनलाई नीतिगत भ्रष्टाचार भनेको छ ।

कांग्रेसले संसदको आगामी बैठकमा यसलाई समेत मुद्दा बनाउने तयारी गरेको छ । कांग्रेस नेताहरुले जग्गा सट्टापट्टामा संलग्नमाथि कारबाहीको माग गर्न थालेका छन् । एमाले अध्यक्ष ओलीले भने आफ्नो पार्टी र नेताहरुमाथि आक्षेप नलगाउन चेतावनी दिए ।

'कांग्रेसमाथि अनेक आरोपहरु छन् । फाइल धपाउँदा (फाइल पन्छाउँदा) हैरान भएको छ कांग्रेस । अनि फाल्तु कुरा गर्ने ? अनि एमालेविरुद्ध जथाभावी ?', उनले भने, ''कांग्रेसका धेरै मान्छेका जन्मकुण्डली हामीलाई थाहा छ, त्यति भन्छु ।'

अब कांग्रेसको बकवास सुन्न तयार नभएको भन्दै उनले भने, 'म भन्न चाहन्छु, त्यही गिरिबन्धुको ७० बिघा कसिमन खाएर दिएको, यसमा छानबिन हुनुपर्छ ।' उनले गिरीबन्धुमा फैसला गर्नेमध्येका एक न्यायाधीश (ईश्वरप्रसाद खतिवडा)माथि पनि प्रश्न गरेका छन् ।

सर्वोच्चको आदेश अनुसार संसदबाट कानुन बनाउँदा प्रश्न गरेको तर कांग्रेसको पालामा एक पटक ५१ बिघा र एक पटक १९ बिघा गरी ७० बिघा सट्टापट्टा गर्न दिएको बारे मौन बसेको ओलीले आरोप लगाए । उनले भने, 'पहिले भइसकेको निर्णयमा बोल्न मिल्दैन, अनि तपाईंले लेखेको फैसलामा चाहिं गलत व्याख्या गर्न मिल्यो ?'

न्यायाधीश खतिवडाले 'गिरिबन्धु हात्ती हो, ललितानिवास छावा' भनेर एक अन्तर्वार्तामा टिप्पणी गरेका थिए । 'न्यायमूर्तिको कुर्सीमा बस्दा होस् वा रिटायर भएपछि' ओलीले खतिवडाप्रति लक्षित गर्दै भने, 'त्यो हात्तीको दुईटा छावा बेचेको बेला श्रीमान् कहाँ हुनुहुन्थ्यो । अस्ति फैसला गर्दा यस सम्बन्धमा केके भएको छ भनेर खोज्नु पर्दैन ?'

*(स्रोत: अनलाइनखबर)*

# सन्दीपले सफाई पाउँदा फिल्मकर्मी खुसी, रमेश भन्छन्, 'सिंह फर्कियो'

काठमाडौं/प्रख्यात क्रिकेटर सन्दीप लामिछानेले बलात्कारको मुद्धामा सफाई पाएपछि फिल्मकर्मीहरुले पनि खुसी व्यक्त गरेका छन् । बुधबार उच्च अदालत, पाटनले जिल्ला अदालत, काठमाडौंले गत पुषमा गरेको फैसला (दोषी ठहर गर्दै ८ वर्ष जेल सजाय र ५ लाख रुपैयाँ क्षतिपूर्ति) उल्ट्याउँदै सन्दीपलाई निर्दोष ठहर गरेपछि फिल्मकर्मीहरुले उनलाई सामाजिक सञ्जालमार्फत बधाई दिइरहेका छन् ।




हास्य कलाकार केदार घिमिरे (माग्ने बुढा)ले सन्दीपको एक तस्वीर फेसबुकमा राख्दै बधाई दिएका छन् भने अभिनेता तथा निर्माता रमेश उप्रेतीले 'अन्ततः सिंह फर्कियो' भन्दै स्टाटस लेखेका छन् । अर्का कलाकार सन्दीप क्षेत्रीले फेसबुकमा 'क्लिन एन्ड क्लियर' भन्दै सन्दीपको जीतमा खुसी व्यक्त गरेका छन् । यस्तै, गायक तथा अभिनेता राजेशपायल राईले पनि उनलाई बधाई दिएका छन् ।

अभिनेता तथा निर्माता गजित विष्टले 'यो देशमा न्याय मरेको छैन' भन्दै सन्दीपलाई निर्दोष सावित भएकोमा बधाई दिँदै फेसबुकमा स्टाटस लेखेका छन् । कलाकार तथा निर्देशक शिवहरी पौडेल, महिला निर्देशक समुन्द्र भट्ट, गायक स्वरुपराज आचार्य, निर्देशक शिवम् अधिकारी, कलाकार तथा ट्रेलर मास्टर साहिल खान लगायतले पनि सन्दीप निर्दोष ठहर भएकोमा खुसी व्यक्त गरेका छन् ।

५ भदौ, २०७९ मा गौशला २६ ले बलात्कार गरेको आरोप लगाउँदै सन्दीपविरुद्ध जाहेरी दिएकी थिइन् । त्यसबेला उनी भने क्रिकेट खेल्न विदेशमा थिए । २० असोजमा नेपाल आएका उनलाई विमानस्थलबाटै पक्राउ गरिएको थियो । र, जिल्ला अदालतले पुर्पक्षका लागि थुनामा पठाएको थियो । तर, उच्च अदालत, पाटनले पुष २९ मा सन्दीपलाई २० लाख धरौटीमा छाड्न आदेश दिएको थियो ।

*(स्रोत:फिल्मीखबर)*

# अनमोललाई लिएर 'करोडपति २' बनाउँदै भुवन ?

काठमाडौं/सुपरस्टार भुवन केसीको करिअरको कोशेढुंगा मानिन्छ, 'करोडपति' । यो फिल्म निर्माण गर्ने बेला धेरैलाई उनलाई 'कि भुवन केसी करोडपति हुन्छ, कि रोडपति हुन्छ' भनेर टिप्पणी गरेका थिए । भुवनलाई फिल्मले नामजस्तै करोडपति नै बनायो । उनलाई नाफा मात्र डेढ करोड भएको थियो । यो दुई दशकअघिको कुरा हो । अब फेरि भुवनले यही नाममाथि फिल्म बनाउन लागेको चर्चा छ ।



त्यसो त २०७० सालतिरै 'करोडपति २' बनाउने जानकारी भुवनले सञ्चारमाध्यमलाई गराएका थिए । तर, त्यसबेला विभिन्न कारणले फिल्म बन्न सकेन । अब भने उनी यसै वर्षभित्र 'करोडपति २' बनाउने तयारीमा जुटेको निकट स्रोतले जानकारी गराएको छ । केही हप्ताअघि भुवनले स्क्रिप्ट डाक्टर मनोज पण्डितसँग भेट गरेका थिए । उनीहरुको त्यो भेट 'करोडपति २'कै लागि भएको बताइन्छ ।

यसमा अभिनेता अनमोल केसीको मुख्य भूमिका रहनेछ भने भुवन स्वयं पनि देखिने स्रोतको दाबी छ । फिल्मले दुई पुस्ताको कथा भन्ने जनाइएको छ । निर्देशन पनि भुवन स्वयंले गर्ने स्रोत बताउँछ । यसअघि उनले 'ड्रिम्स' (२०१६) निर्देशन गरेका थिए । काजल फिल्म्सको ब्यानरमा निर्माण हुन लागेको फिल्मको छायांकन दशैं आसपासमा सकाएर नयाँ वर्षमा रिलिज गर्ने तयारी भैरहेको छ ।

२ वर्षदेखि भुवन चलचित्र विकास बोर्डको अध्यक्ष छन् । आगामी साउनमा उनको कार्यकाल सकिँदैछ । त्यसपछि फिल्म निर्माणमा जुट्न लागेका उनीसँग 'करोडपति २'सहित अरु पनि फिल्म छन् । बोर्डमा नजाँदै उनले 'माइतीघर २', 'पारस', 'एन्टी हिरो' बनाउने घोषणा गरेका थिए । तर, अब यी फिल्म बन्नेमै आशंका छ । छायांकन नहुँदासम्म 'करोडपति २' पनि के हुन्छ, यसै भन्न सकिँदैन ।

*(स्रोत:फिल्मीखबर)*

# बलात्कार मुद्दामा सन्दीप लामिछानेले पाए सफाइ

काठमाडौं/क्रिकेटर सन्दीप लामिछानेले बलात्कारको मुद्दामा सफाइ पाएका छन् ।



उच्च अदालत, पाटनका न्यायाधीशद्धय सुदर्शनदेव भट्ट र अञ्जु उप्रेती ढकालको इजलासले जिल्ला अदालत, काठमाडौंको फैसला उल्ट्याउदै सन्दीपलाई सफाइ दिएको प्रवक्ता विमल पराजुलीले जानकारी दिए । 'जिल्ला अदालतले जुन फैसला गरेको थियो, त्यो पूर्ण रुपमा उल्टिएको छ' उनले भने, 'सन्दीपले पूर्ण रुपमा सफाइ पाउनुभएको छ ।'

जिल्ला अदालतले सन्दिपलाई बलात्कार मुद्दामा दोषी ठहर गरी ८ वर्ष कैद र ५ लाख जरिवाना गर्ने फैसला गरेको थियो । फैसला गर्ने न्यायाधीशहरुको रायकिताबमा जिल्लाको फैसला उल्ट्याउने विषय मात्रै उल्लेख भएको भन्दै प्रवक्ता पराजुलीले सफाइ दिनुको आधार र कारणबारे पूर्णपाठमा मात्रै विस्तृत विवरण खुल्ने बताए ।

'जिल्ला अदालतमा जस्तो फैसलाको संक्षिप्त आदेश भएन, अब यसबारेको विस्तृत विवरण पूर्णपाठ आएपछि मात्रै थाहा होला', उनले भने ।

५ भदौ २०७९ मा सिनामंगलस्थित एक होटलमा राखी बलात्कार गरेको लामिछानेविरुद्ध पीडित (गौशाला २६) ले २१ भदौमा जाहेरी दिएकी थिइन् । बन्द प्रशिक्षणमा रहेका सन्दीपले ताहाचलस्थित हायात प्यालेस होटलबाट निस्केर गौशाला २६ लाई नगरकोट लगेका थिए । त्यहाँबाट फर्किएर सिनामंगलस्थित एक होटलमा बसेका थिए । त्यहीं बलात्कार गरेको पीडितले बताएकी छन् ।

उजुरी पर्दा क्रिकेट खेलका क्रममा विदेशमा रहेका सन्दीप नेपाल नआएपछि प्रहरीले इन्टरपोलमा डिफ्युजन नोटिस जारी गर्‍यो । २० असोजमा नेपाल आएका सन्दीप विमानस्थलबाटै पक्राउ परे, जिल्लाले पुर्पक्षका लागि थुनामा पठायो । तर उच्च अदालत, पाटनले २९ पुसमा २० लाख धरौटीमा छाड्यो ।

त्यसबेला उच्चले विदेश जान रोक लगाएको थियो, तर सर्वोच्च अदालतले उच्चको त्यो बन्देजात्मक व्यवस्था फुकुवा गरेपछि उनले नेपाल बाहिर गएर अन्तराष्ट्रिय क्रिकेट समेत खेले ।

जिल्ला अदालतले दोषी ठहर गर्दै जेल सजाय सुनाएपछि भने सन्दीपले नेपालबाट खेलेनन् । लामो सुनुवाइ प्रक्रिया पूरा गरेपछि जिल्ला अदालतले १३ पुस २०८० मा सन्दीपलाई दोषी ठहर गरेको थियो ।

न्यायाधीश शिशिरराज ढकालको इजलासले पीडितको दाजुले दिएको जाहेरी दर्खास्त, सन्दीप लामिछानेको बयान, विभिन्न व्यक्तिहरुको घटना विवरण कागज, निजहरुको बकपत्र लगायत सीसीटीभी फुटेजबाट सन्दीप दोषी देखिएको निष्कर्ष निकालेको थियो ।

नगरकोट गएकोदेखि सिनामंगलको होटलमा एउटै कोठामा बसेको स्वीकार गरेका सन्दीपले बलात्कार आरोप भने अस्वीकार गरेका थिए । पीडितले आफूमाथि बलात्कार भएको भनेको र त्यो दिन सन्दीपको क्रियाकलाप समेतलाई विचार गर्दा उनी र गौशाला २६ का बीचमा करणी भएको देखिएको भन्दै जिल्ला अदालतले त्यसलाई सहमतिको भन्न नमिल्ने निष्कर्ष निकालेको थियो ।

यद्यपि न्यायाधीश ढकालले पीडितलाई नाबालिका भन्न नमिल्ने राय लेखेका थिए । घटनाका दिन पीडितको उमेर १८ वर्ष पुगिसकेको भन्दै उनले नाबालिका बलात्कार भने स्वीकार गरेन ।

आरोपपत्रमा पीडित १६ वर्षभन्दा माथि, तर १८ वर्षभन्दा मुनिको किशोरी भएकाले १० वर्षदेखि १२ वर्षसम्मको सजाय हुनुपर्ने माग दाबी थियो । न्यायाधीश ढकालले पीडितलाई नाबालिका भन्न नमिल्ने ठहरसहित सन्दीपलाई ८ वर्ष जेल सजाय सुनायो ।

पीडित गौशला २६ लाई ५ लाख रुपैयाँ क्षतिपूर्ति भराउने समेत आदेश दिएको थियो । त्यसविरुद्ध सन्दीपले हालेको पुनरावेदनमा उच्च अदालतले उनलाई सफाइ दिएको छ ।

**क्यानले गर्‍यो निलम्बन फुकुवा**

नेपाल क्रिकेट संघ (क्यान)ले सन्दीप लामिछानेको निलम्बन फुकुवा गरेको छ । उच्च अदालत पाटनले बलात्कार मुद्दामा सफाइ दिए लगत्तै क्यानले उनको निलम्बन फुकुवा गरेको हो ।

निलम्बन फुकुवा भएसँगै लामिछानेले सबै प्रकारका घरेलु तथा अन्तर्राष्ट्रिय खेलमा सहभागिता जनाउन पाउने भएका छन् ।

अध्यक्ष चतुरबहादुर चन्दले बलात्कार मुद्दामा निर्दोष रहेको भनी फैसला आएकाले अन्तर्राष्ट्रिय र घरेलु सबै प्रकारको क्रिकेट गतिविधिबाट निलम्बन फुकुवा गरिएको जानकारी गराएका छन् ।

*(स्रोत: अनलाइनखबर)*

# नदेखेको ओलम्पिक सपना पूरा गरेका स्यान्टु

काठमाडौं/केही समय अघिसम्म नेपाली टेबुल टेनिस खेलाडीले ओलम्पिक खेल्ने कल्पना मात्र गर्न सक्थे, बुधबार भने यो यथार्थमा नै परिणत भएको छ । नेपाली खेलाडी स्यान्टु श्रेष्ठ छनोट चरण पार गरेर पेरिस ओलम्पिकमा छनोट भएका छन् ।

'मैले टेबुल टेनिस खेलुञ्जेल ओलम्पिक खेल्छु भन्ने सपना देखेको थिइन, किनभने सम्भव नै थिएन । दक्षिण एसियाली क्षेत्रबाट छनोट भए पनि फेरि एसियन छनोट खेल्नुपर्थ्यो । मैले साफ गेममा इतिहास रच्ने हो भन्ने नै अन्तिम लक्ष्य थियो', पेरिस ओलम्पिकमा छनोट भएपछि उनले भने ।

लैनचौरको टेबुल टेनिस हलमा नेपाली प्रतिद्वन्द्वी संयोग कपालीलाई ४-३ को सेटमा पराजित गर्दै स्यान्टु ओलम्पिकमा छनोट भएका हुन् । २ वर्षयता अष्ट्रेलियामा बस्दै आएका स्यान्टु यही ओलम्पिक छनोटका लागि नेपाल फर्किएका थिए । नेपालबाट ४ खेलाडीले ओलम्पिक छनोट खेलेका थिए । जसमा पुरुषतर्फका दुबै खेलाडी फाइनलमा पुगेका थिए । त्यसैले फाइनलमा जसले जिते पनि नेपाली खेलाडी नै ओलम्पिकमा पुग्ने मंगलबार नै तय भएको थियो । यसअघि ओलम्पिक छनोट खेलका खेल्न पाउने भएपछि स्यान्टुले अष्ट्रेलिया फर्केर कोरियाली प्रशिक्षकसँग प्रशिक्षण गरेका थिए ।

'अष्ट्रेलियामा हुँदा फ्री टाइम हुँदैनथ्यो । तैपनि दैनिक २/३ घण्टा कोरियन प्रशिक्षकसँग प्रशिक्षण लिएँ । म अष्ट्रेलियाबाट नै बलियो सोच बनाएर आएको थिएँ । मेरो मेहनत र भगवानको साथले मैले लक्ष्य प्राप्त गरें', स्यान्टुले भने ।

**ओलम्पिक छनोट हुँदा**

छनोट चरण पार गरेर ओलम्पिकमा पुग्ने धेरै कम खेलाडी मात्र छन् । तेक्वान्दोका संगीना वैद्य र दीपक विष्टले छनोट चरण पार गरेर ओलम्पिक खेलेका थिए । त्यसपछि स्यान्टु नै छनोट चरण पार गरेर ओलम्पिक खेल्ने खेलाडी बने ।

बुधबार लैनचौरमा भएको खेलमा विजयी भएपछि उनी कर्भड हलको भुइँमा सुते । त्यसअघि खेलमा पछि परेको स्थितिबाट कमब्याक गर्दै राम्रो लय समात्दै उनी विश्व खेलकुदको महाकुम्भ ओलम्पिकमा छनोट भएका थिए । 'मनमा चाहिँ रुन आइरहेको थियो । राष्ट्रिय रेकर्ड त थियो तर अन्तर्राष्ट्रिय रुपमा नै रेकर्ड राख्न पाएकोमा खुसी लागेको छ', उनले भने, 'मैले मेरो परिवारलाई सम्झिएँ । मेरो बाबा, ममीलाई विशेष रुपमा सम्झिएँ, यो पल शब्दमा बयान गर्न सक्दिन ।'

१६ वर्षकै उमेरमा राष्ट्रिय च्याम्पियन बनेका स्यान्टु दुई वर्षयता अष्ट्रेलियामा थिए । त्यहाँ कहिलेकाहीँ समय निकालेर अभ्यास गर्थे । तर पछिल्लो समय ओलम्पिक छनोटका लागि भने उनले राम्रो तयारी गरेका थिए । संघका पूर्वअध्यक्ष चतुरानन्द वैद्यले स्यान्टु ओलम्पिकमा छनोट हुनु ऐतिहासिक भएको बताए । 'व्यक्तिगत खेलमा नेपाली खेलाडीले पनि छनोट चरण पार गरेर ओलम्पिक खेल्न सक्छ भन्ने उदाहरण देखाएर स्यान्टु धेरैको प्रेरणा बनेका छन्', उनले भने ।

स्यान्टुका प्रशिक्षक राजेन्द्र कपाली पनि यो नेपालका लागि इतिहासकै स्वर्णिम पल भएको बताउँछन् । 'विशेषत व्यक्तिगत र ऱ्याकेट खेलमा छनोट चरण पार गरेर ओलम्पिक खेल्ने भनेको धेरै ठूलो उपलब्धी हो', उनले भने ।

**स्यान्टुको पुनरागमन**

चार पटक राष्ट्रिय च्याम्पियन भएका स्यान्टुको ओलम्पिक छनोटका प्रतिस्पर्धी संयोग कपाली नेपालकै तेस्रो नम्बरका खेलाडी हुन् । दोस्रो नम्बरका रुबिन महर्जन भने ओलम्पिक छनोटमा पनि छनोट भएनन् । दुई वर्ष विदेश बसेर पनि पुनः खेलमा फर्किएका स्यान्टु आफ्नो खेल जीवन भने सुरक्षित नरहेको प्रतिक्रिया दिन्छन् । 'म ओलम्पियन भएँ । तर मेरो भविष्य पनि मैले सोच्नुपर्छ । मेरो भविष्य सुरक्षित छ कि छैन, भन्ने सोच्नुपर्छ ।'

पछिल्लो समय नेपल टेबुल टेनिस संघभित्र चरम विवाद छ । अधिवेशनलाई लिएर दुई पक्ष बीचको झगडाले संघ हाल अस्तित्वमा छैन । यही कारण स्यान्टु विदेशिएका थिए । २०७३ सालमा विराटनगरमा भएको सातौं राष्ट्रिय खेलकुदमा स्यान्टुले तत्कालीन नम्बर एक वरियताका खेलाडीलाई पराजित गरेका थिए ।

*(स्रोत: अनलाइनखबर)*

# '४ वर्षमा एउटा फिल्म पनि गरें, अब वर्षमा ४ वटा फिल्म गरेर हेर्छु' : प्रदीप

काठमाडौं/अहिलेको समयका बिकाउ अभिनेता हुन्, प्रदीप खड्का । उनको स्टारडमले नै फिल्म चल्छ भन्ने विश्वास मेकरमा देखिन्छ । यसैले फिल्ममा उनको माग उच्च छ । 'प्रेमगीत'बाट स्टारको रुपमा उदाएका उनले लामो समय वर्षमा एक/दुईवटा फिल्ममा मात्र काम गरे । अब भने उनले काम गर्ने शैली बदलेका छन् । यस वर्षदेखि प्रदीपले वर्षमा ३/४ वटा फिल्ममा काम गर्ने नीति लिएका छन् ।



अहिले उनको लाइनअपमा लगभग आधा दर्जन फिल्म छन् । उनले अचानक धेरै फिल्ममा काम गर्ने मनस्थिति बनाउनुलाई विभिन्न हिसाबले टिप्पणी भइरहेको छ । उनी भने यसलाई आफ्नो परीक्षण मान्छन् । 'पहिला मैले एउटा तरिकाले काम गरें । अब एकदमै बिजी भएर हेरम् न भन्ने भएको हो । मेरो क्षमता कति रहेछ र कति काम गर्न सक्ने रहेछु भनेर परीक्षण गर्दैछु,' उनले भनेका छन् ।

वर्षमा ३/४ वटा फिल्म गर्दा कस्तो 'आउटपुट' आउँछ भन्ने हेर्न खोजेको उनको भनाई छ । 'वर्षमा ३/४ वटा फिल्म हेर्दा 'आउटपुट' कस्तो निस्किँदो रहेछ भनेर मैले हेर्न खोजेको हुँ । ४ वर्षमा एउटा गर्दा र वर्षमा ३/४ वटा गर्दा एउटै भयो भने त यो नै राम्रो हो नि,' उनी सुनिए । उनी पहिला ४ वर्षमा एउटा फिल्म गर्नु र अब एक वर्षमा ४ वटा फिल्ममा काम गर्न लाग्नुलाई आफ्नै निर्णय मान्छन् ।

प्रदीप महंगा अभिनेता समेत चिनिन्छन् । तर, आफूले अहिलेसम्म धेरै पैसा डिमान्ड नै नगरेको उनको दाबी छ । यद्यपि, पहिलाको तुलनामा अहिले धेरै राम्रो पारिश्रमिक मिल्ने गरेको उनी स्वीकार गर्छन् । 'प्रेमगीत'मा एक लाख पारिश्रमिक पाएका उनले 'प्रेमगीत २'मा सेयरमा बस्दा निर्माताबाट गाडी पाएका थिए । अहिले एउटा फिल्मबापत उनले ३० लाखमाथि पारिश्रमिक बुझ्ने गरेका छन् ।

रोमान्टिक हिरोको छवि बनाएका प्रदीप अब आफूलाई भर्सटायल बनाउने प्रयासमा देखिन्छन् । त्यसको सुरुवात 'प्रकाश'बाट भयो । यसमा उनले भिन्न चरित्रमा पनि बाँच्न सक्ने अभिनेताको रुपमा आफूलाई प्रमाणित गरे । यही जेठ १० गतेबाट प्रदर्शनमा आउन लागेको फिल्म 'पूजार सार्की'मा पनि उनले फरक चरित्र निभाएका छन् । रोमान्टिक हिरोको यो रुपान्तरण अर्थपूर्ण मान्न सकिन्छ ।

*(स्रोत:फिल्मीखबर)*

**के तपाई फोटो कपी प्रिन्टर मेसिन किन्दै हुनुहुन्छ ?**

*Brother, Canon, HP, Sharp Ricoh, Epson, Kyocera, Lexmark*

टोनर रिफिलिङ्ग, प्रिन्टर, कम्प्युटर, फोटोकपी लगायतको सर्भिस छिटो छरितो र भरपर्दो रुपमा गर्नुभई ढुक्क हुनुहोस् ।

**Printer Shop**

*The complete office solution*

*Contact No. 9845292140, 057-527041, Schoolroad, Hetauda-4*

*tonerhouse_htd@yahoo.com*

# हेटौंडा अस्पतालको ईतिहास मेटिन्न: पूर्वमुख्यमन्त्री पौडेल

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान र हेटौंडा अस्पतालको सम्वन्धमा भ्रममा नपर्न बागमती प्रदेशका प्रथम मुख्यमन्त्री डोरमणि पौडेलले आग्रह गरेका छन् ।

बुधबार हेटौंडामा पत्रकार सम्मेलन गर्दै पौडेलले यसमा सबैले यथार्थ कुरा बुझ्नुपर्ने बताए । अरु देशै भरीका प्रतिष्ठान जस्तै यो सरकार मातहत रहेको प्रतिष्ठान भएकाले यसमा कुनैपनि भ्रम सृजना गर्नु नपर्ने उनले बताए । मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठानले अध्ययन अनुसन्धान र चिकित्सा शिक्षाको क्षेत्रमा गरेका उल्लेख्य काम भएको उनले बताए ।

प्रतिष्ठानमा स्वास्थ्य विज्ञानअन्तर्गतका विभिन्न विषयको अध्यापन भइरहेको पौडेलले जानकारी गराए । जसमा २७० जना विद्यार्थी अध्ययनरत रहेकाछन् । विद्यार्थीलाई पठनपाठन गराउने गरी व्यवस्था गर्ने कार्य भइरहेको उनले बताए । पौडेलले भने-'निकट भविष्यमै एमबिबिएसको पठनपाठन सुरु गर्ने तयारी भइरहेको छ । अस्पताललाई ५०० वेडको क्षमता विस्तार गर्ने काम तीव्र गतिमा अगाडि बढेको छ । बेसिक हेल्थ साइन्सको पठनपाठनका लागि प्रतिष्ठानले ५५ करोडको लगानीमा हेटौंडा-१०, टिसिएनमा अत्याधुनिक भवन निर्माण गरिरहेको पौडेलले बताए ।

प्रतिष्ठानले स्वास्थ्य सेवाका लागि विज्ञ चिकित्सक तथा दक्षजनशक्ति उत्पादन गर्ने लक्ष्य राखी काम गरिरहेकेको हुँदा केही वर्षभित्रै प्रतिष्ठानबाट शिक्षा लिएका स्वास्थ्यकर्मी स्वास्थ्यसेवाका लागि स्वास्थ्यक्षेत्रमा आउने अवस्था रहेको उनले जानकारी दिएका छन् । अहिले प्रतिष्ठान तथा अस्पतालबारे भ्रम उत्पन्न हुनेगरी आउने गरेका विषय र यथार्थमा समस्या रहेको पूर्वमुख्यमन्त्री पौडेलले पत्रकार सममेलनमा बताए ।

प्रतिष्ठानले नेपाल सरकारबाट स्वीकृत भएको स्वास्थ्य सेवा र शिक्षा नीतिअनुरुप काम गर्ने हुँदा अस्पताल पूर्णत सरकारी अस्पताल रहेको बताउँदै उनले भने-'अस्पताल सेवा तथा स्वास्थ्यशिक्षा समेत सरकारी नीतिनियमअनुसार नै संचालन हुने हो । तथ्यविपरित आउने अभिव्यक्तिमा कुनै सत्यता छैन । संघीयता कार्यन्वयनसँगै जिल्ला अस्पतालको अवधारणमा परिवर्तन आइसकेको छ । सबैखाले जिल्ला अस्पताल प्रदेश अस्पतालमा परिवर्तन भइसकेका छन् । यो प्रतिष्ठानले संचालन गरेको अस्पताल हाम्रै हेटौंडा अस्पताल हो, यसको अस्तित्व र ईतिहास मेटिएको छैन । थप सुदृढ र सक्षम हुँदै गएको छ । यसमा हामी मकवानपुरबासीले गर्व गर्नु पर्दछ ।'

प्रदेश राजधानीको स्वास्थ्यसेवाको विकास र विस्तारमा करिव ५ वर्षकै अवधिमा ठूलो फड्को मारेको, स्वास्थ्य सेवामा मकवानपुरबासी आत्मनिर्भर बन्दै गएको, जिल्ला बाहिरका बिरामी समेत उपचार गर्न आउने वातावरण बनेको यथार्थलाई सबैले मनन गर्नुपर्ने पौडेलले बताए । प्रतिष्ठानअन्तर्गतको स्वास्थ्यसेवा र स्वास्थ्य विज्ञानको क्षेत्रमा अध्ययन अनुसन्धानका लागि भइरहेका काम आमनगरिकका लागि नै हो ।

पाडेलले 'यसको संरक्षण गर्ने, जगेर्ना गर्ने दायित्व हामी सबैको हो । तसर्थ सबैले सचेत रही यसको संरक्षण र विकासमा लागिपर्नुपर्ने अवस्था छ' भनेका छन् । कार्यक्रमम नेकपा एमाले बागमती प्रदेश कमिटी सदस्य बद्री लंसाल, एमाले मकवानपुरका सचिवालय सदस्य मदनकुमार दाहाल, बागमती प्रदेश युवा परिषद्का कार्यकारी उपाध्यक्ष सन्तोष चौलागाई लगायतको उपस्थिति रहेको थियो ।

# हाजिरीजवाफ प्रतियोगितामा तुलसीमेहर प्रथम



साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/मदन भण्डारी फाउण्डेसन मकवानपुरले ३१ औं मदन-आश्रित स्मृति दिवसका अवसरमा बुधबार आयोजना गरेको हाजिरीजवाफ प्रतियोगितामा तुलसीमेहर माध्यमिक विद्यालय प्रथम भएको छ ।

हेटौंडा उपमहानगर भित्रका सामुदायिक र संस्थागत गरी १५ वटा विद्यालयको सहभागिता रहेको माविस्तरीय प्रतियोगितामा तुलसीमेहरले प्रथम स्थान हासिल गरेको हो । प्रतियोगितामा जनप्रिय माध्यमिक विद्यालय द्वितीय, जिएस निकेतन तृतीय र आधुनिक राष्ट्रिय मावि सान्त्वना भएका छन् । प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने विद्यालयले जनही नगर १० हजार, ७ हजार र ५ हजार प्राप्त गरे ।

सहभागी अन्य विद्यार्थी र विद्यालयले सहभागिताको प्रमाणपत्र प्राप्त गरेका थिए । कार्यक्रममा विशाल अधिकारीले निर्णयकको भूमिका निर्वाह गरे । मदन भण्डारी फाउण्डेसनका अध्यक्ष रघुनाथ खुलालको अध्यक्षतामा भएको कार्यक्रममा प्रमुख अतिथि बागमती प्रदेशका आर्थिक मामिला तथा योजनामन्त्री जगन्नाथ थपलियाले विजयी विद्यार्थीलाई पुरस्कृत गरे ।

कार्यक्रममा मन्त्री थपलियाले मदन भण्डारी फाउण्डेसनले जननेता भण्डारी र जीवराज आश्रितको सम्झनामा गरेको कार्यक्रम प्रशंसनीय रहेको बताए । मकवानपुर बहुमुखी क्याम्पसका क्याम्पसप्रमुख यम सिलवालगायतको उपस्थिति रहेको कार्यक्रमका संयोजक कुमार केसीले जानकारी दिए । फाउण्डेसन मकवानपुरले मदन-आश्रृत स्मृति दिवसका अवसरमा तीन दिवसीय कार्यक्रम आयोजना गर्दैछ ।

मंगलबार ५ किलोमिटर पुरुष खुल्ला दौड प्रतियोगिता गरेको थियो । बुधबार माविस्तरीय हाजिरीजवाफ प्रतियोगिता आयोजना गरेको हो । फाउण्डेसनले भोलि जेठ ३ गते श्रद्धाञ्जलीसभा आयोजना गरेर तीन दिवसीय कार्यक्रम समापन गर्ने अध्यक्ष खुलालले बताए । नेकपा एमालेका तत्कालीन महासचिव मदन भण्डारी र संगठन विभागप्रमुख जीवराज आश्रितको २०५० जेठ ३ गते चितवनको दासढुंगामा जीप दुर्घटनामा परी मृत्यु भएको थियो । मदन-आश्रितको स्मृतिमा जेठ ३ गते विभिन्न कार्यक्रम गरी स्मृति दिवस मनाउने गरिन्छ ।

# उपमहानगरको सुबिधामा जोडिए राजदेवीका उपभोक्ता



साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/हेटौंडा उपमहानगरपालिकाले नगरवासीका लागि खानेपानीमा दिएको सहुलिएतमा राजदेवीका उपभोक्ता पनि जोडिएका छन् ।

नगरमा बसोवास गरेर हेटौंडा खानेपानी बोर्डको धारामार्फत खानेपानीको प्रयोग गरेका स्थानीयका लागि १० हजार लिटरसम्म नि:शुल्क प्रयोगका लागि दिएको सुबिधाबाट हेटौंडा-१७ राजेदेवीबासी पनि जोडिएका हुन् ।

बुधबार रानिखोला राजदेवी खानेपानी तथा सरसफाई उपभोक्ता समिति खानेपानी बोर्डमा हस्तान्तरण भएसँगै उनीहरु उपमहानगरले खानेपानीमा दिएको सुबिधा उपभोग गर्न पाउँने भएका हुन् । उपभोक्ता समिति हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, उपप्रमुख राजेश बानियाँको उपस्थितिमा बोर्डमा हस्तान्तरण भएको हो ।

हस्तान्तरणसँगै राजदेबी सहित अशोकटोल, जोरधारा कैलासेश्वर, धेल, लक्ष्मीबैकटेश क्षेत्रका ५ सय घरधुरीको खानेपानी उपभामानगरले जिम्मा लिएपछि सुबिधा उपभोग गर्न पाउँने भएका हुन् । समितिमार्फत् २७८ घाराबाट करिब २ हजार ५ सय जनसंख्या लाभान्वित हुँदै आएका थिए । कार्यक्रममा नगरप्रमुख लामाले जलश्रोतको धनी देशमा चिनिने हामी नै खानेपानीको सुबिधाबाट बञ्चित हुनुपर्ने अवस्था आउन नदिनका लागि उपमहानगरले १० हजार लिटरसम्म पानी नि:शुल्क गरेको बताइन् ।


नगरबासिलाई स्वच्छ र सफा खानेपानीको उपलब्ध गराउँनका लागि बोर्डसँग समन्वय गर्दै अघि बढिरहेको भन्दै अन्य उपभोक्ता समिति पनि बोर्डमा समाहित हुन आवश्यक रहेको बताइन् । नगरवासीलाई खानेपानीको कमी हुन नदिनका लागि बोर्डले श्रोतपहिचान गर्दै पानी बितरणको काम गरिरहेको भन्दै आउने समस्यालाई पनि मिलेर समाधानतर्फ जान उपमहानगर तयार रहेको बताइन् ।

कार्यक्रममा नगर उपप्रमुख बानियाँले स्थानीयका समस्यालाई बुझ्दै खानेपानी बोर्डले स्वच्छ पानी बितरणमा ध्यान दिन सुझाव दिए । सार्वजनिक महत्वका क्षेत्रमा बोर्डले सक्नेजति छुट दिएरै पानीको बितरणको व्यवस्था मिलाउनु पर्ने उनको भनाई थियो । कार्यक्रममा बोर्डका अध्यक्ष प्रताप बिष्टले स्थानीयको गुनासालाई समाधान गर्दै स्वच्छ खानेपानी बितरणमा ध्यान दिने बताए । आवश्यकताअनुसार पानीको व्यवस्थापन हुने उनको भनाई थियो ।

उपभोक्ता समिति अध्यक्ष नवराज न्यौपानेको अध्यक्षतामा भएको कार्यक्रममा हेटौंडा-१७ का अध्यक्ष उद्धब सत्याल, खानेपानी बोर्डका सदस्यद्वय डा. कृष्ण धिताल, इन्द्रप्रसाद नेपाल, बोर्डका कार्यकारी निर्देशक बिष्णुप्रसाद सापकोटा, उपभोक्ता समिति उपाध्यक्ष कृष्णप्रसाद नेपाल लगायतले मन्तव्य राखेका थिए । कार्यक्रममा उपभोक्ता समितिलाई अहिलेसम्मको अवस्थामा ल्याउन महत्वपूर्ण भूमिका निर्बाह गर्नेलाई नगदसहित सम्मान गरिएको थियो । उपमहानगरले बोर्ड बाहेक रहेर खानेपानीको उपभोग गरिरहेका नगरवासीलाई सुबिधा उपलव्ध गराएको छैन ।

# कलामहोत्वस आजबाट, ५० जना कलाकार आउने

साझाकुरा संवाददाता




हेटौंडा, २ जेठ/ हेटौंडामा मानवसेवा आश्रम समर्पित हेटौंडा कला महोत्सव बिहीबारबाट सुरु हुने भएको छ । सटर्डे प्लेन एयरको आयोजनामा ५ गतेसम्म हेटौंडा कला महोत्सव हुन लागेको कला व्यवस्थापक एवम् संयोजक दिवेशमानसिंह प्रधानले बताए ।

कला महोत्सवमा सिद्धार्थ हल, भुटनदेवी मन्दिर, पुष्पलाल पार्क, सहिदस्मारक पार्कमा, चित्रकला प्रदर्शनी कार्यपत्र, चित्रकला सृजना, खुल्ला चित्रकला कार्यशाला, कलासंवाद लगायत कार्यक्रम रहने बताइएको छ । महोत्सवको उद्घाटनसँगै वरिष्ठ कलाकार सम्मानबाट हरिभजनमानसिंह प्रधान ललितकला सम्मान २०८१ प्रदान गरिने संयोजक प्रधानले बताए । कार्यक्रममा कार्यपत्र प्रस्तुति, कलासंवाद र प्रत्यक्ष चित्रकला सृजना रहने छ ।

'४ गते विहान भुटनदेवी मन्दिर परिसरमा खुल्ला चित्रकला कार्यशाला र भजनगायन कार्यतालिका छ,' संयोजक प्रधानले भने । सोहीदिन अपराह्न ४ बजे पुष्पलालपार्कमा चित्रकला कार्यशाला र साँस्कृतिक प्रस्तुति रहेको छ । त्यस्तै, अन्तिम दिन ५ गते कलाभ्रमणअन्तरगत मनकामना डाँडा, पाथीभरा मन्दिर, गुम्बाडाँडा हर्नामाडी, मकवानपुरगढी दरवार क्षेत्रमा विहान ६ बजे भ्रमण तथा अवलोकन गरिने र दिउँसो २ बजे हेटौंडा स्मारकमा खुल्ला चित्रकला कार्यशाला, कलासंवाद र महोत्सव समापन कार्यतालिका रहेको संयोजक प्रधानले बताए ।

हेटौंडा उपमहानगरका प्रमुख ऐतिहासिक, साँस्कृतिक तथा पुरातात्विक सम्पदाको प्राचीनता, मौलिकता र जीवन्तता कायम र हने गरी ललितकलाको माध्यमबाट तिनको संरक्षण र प्रवर्द्धनमा टेवा पुग्ने आयोजकको मुल उद्देश्य र हेको संयोजक प्रधानले बताए ।

प्रत्यक्ष रुपमा चित्रकला प्रदर्शनी करिब दुईहजार जनाले हेर्ने अनुमान आयोजकको छ भने कार्यशाला करिब ३ हजार जनाले साक्षात्कार गर्नेछन् । सामाजिक संजालमार्फत करिब ५० हजार जनाले अवलोकन गर्ने विश्वास आयोजकले लिएको छ । कला महोत्सवमा ख्यातिप्राप्त वरिष्ठ कलाकार ५ जना र शनिवारीय कला अभियानका २० जना र मकवानपुरका स्थानीय २५ गरी कुल ५० जना कलाकारको प्रत्यक्ष सहभागिता रहने बताइएको छ ।

# कृष्ण आदर्शमा विद्यालय स्वास्थ्य र पोषण सप्ताह

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/ हेटौंडा-९ मा रहेको कृष्णआदर्श इङ्लिस सेकेन्डरी बोर्डिङ स्कुल (कसेस) ले विद्यार्थीको शैक्षिक विकासमा स्वास्थ्य र पोषणबारे सचेतना जगाउने उद्धेश्यले विद्यालयस्वास्थ्य र पोषण कार्यक्रम सुरु गरेको छ ।

विद्यालय जाने उमेरका बालबालिकाको स्वास्थ्य र शिक्षाको स्तर सुधार गर्ने उद्धेश्यका साथ विद्यालयले जेठ १ गतेदेखि सप्ताहव्यापी कार्यक्रम सुरु गरेको हो । एक सातासम्म विद्यालयमा सरसफाई, विद्यार्थीको स्वास्थ्य जाँच, औषधि वितरण, पोषण र स्वास्थ्यबारे सचेतनालगायत कार्यक्रम गरिने विद्यालयका सञ्चालक नवीन केसीले जानकारी दिए ।

सप्ताहव्यापी कार्यक्रम जेठ ७ गतेसम्म चल्नेछ । साताव्यापी कार्यक्रमअन्तरगत पहिलोदिन कक्षा सरसफाई, व्यक्तिगत सरसफाई गरिएको थियो । त्यस्तै दोस्रो दिन बुधबार किशोर अवस्थामा पोषणको महत्वबारे अभिमूखीकरण गरिएको हो । बिहीबार जुकाको औषधि वितरण गर्ने साथै हातधुने तरिकाबारे सिकाइनेछ । विद्यार्थीको उचाई र तौलमापन गर्ने, पोषणको महत्व बारे वडा क्लिनिकबाट सहजकर्ता बोलाई अभिमूखीकरण, पोषण र स्वास्थ्यबारे हाजिरीजवाफ र निबन्ध प्रतियोगिता जस्ता रचनात्मक कार्यक्रम राखिएको सञ्चालक केसीले बताए ।

सरकारले हरेकवर्ष जेठ १ देखि ७ गतेसम्म विद्यालयस्वास्थ्य र पोषण सप्ताह मनाउने कार्यक्रम तय गरेकोमा कृष्णआदर्शले यस वर्षदेखि वार्षिक क्यालेन्डरमै राखेर सप्ताहव्यापी कार्यक्रम गर्न सुरु गरेको जनाइएको छ । कार्यक्रम सफल बनाउन विद्यालयले विद्यार्थीबाट छनोट गरी ११ सदस्यीय हेल्थ क्लवसमेत गठन गरेको छ ।

# रुप्सेली किसानले पालेको २१ बाख्रा मरे

साझाकुरा संवाददाता

हेटौंडा, २ जेठ/ मकवानपुर थाहा नगरपालिका-४ रुप्सेका २१ वटा बाख्राको कुडो खाएपछि मरेका छन् । थिङटोलका अमृत थिङले पालेको १७ र दुधमाया थिङले पालेको ४ वटा बाख्रा मरेको थाहा नगरपालिका पशु प्राविधिक रुपेशकुमार मिश्रले जानकारी दिए ।

किसान थिङका अनुसार जेठ १ गते साबिकबमोजिम बाख्रा चरेर आएपछि आगनमा राखेको पानी खाएपछि बाख्राहरु एकाएक छटपटाएर मरेका हुन् । पानीमा विष या रासायनिक मल परेको हुनसक्ने पशु प्राविधिक मिश्रले अनुमान गरे । मरेका बाख्रामध्ये एउटा नमुनासहित पोष्टमार्टमका लागि केन्द्रीय पशु प्रयोगशाला त्रिपुरेश्वरमा पठाइएको छ ।

अमृत थिङका ८ वटा गर्भवती माउ बाख्रासहित, २ वटा खसी, ३ वटा बोका, ४ वटा पाठापाठी र छिमेकी दुधमाया थिङको माउबाख्रा २ वटा र पाठापाठी २ वटा सहित २१ वटा बाख्रा मरेको हो । पीडित किसानको ५ लाख रुपैयाँको क्षति भएको प्रारम्भिक अनुमान छ ।

'४ वटा माउबाख्रा त आज-भोलि नै ब्याउने थियो'- कृषक अमृतले भने । १ जेठ दिउँसो ३ बजेको समयमा घटना भएपछि ईलाका प्रहरी कार्यालय पालुङको टोली घटनास्थल पुगेको थियो । घटनाको थप अनुसन्धान भइरहेको प्रहरीले बताएको छ ।

# हेटौंडामा क्रिकेट टिमका प्रशिक्षक टमाटा सम्मानित

साझाकुरा संवाददाता




हेटौंडा, २ जेठ/नेपाली राष्ट्रिय क्रिकेट टिमका पूर्वप्रशिक्षक एवम् यु-१९ राष्ट्रिय क्रिकेट टिमका प्रशिक्षक जगत टमाटा बुधबार हेटौंडामा सम्मानित भएका छन् ।

रोटरी क्लव अफ हेटौडाले बुधबार एक कार्यक्रमबीच नगद १ लाख रुपैयाँ राशिले टमाटालाई सम्मान गरेको हो । मातृभूमिलाई कर्मथलो बनाई नेपाली क्रिकेट खेल र खेलाडीको विकासमा मुख्यप्रशिक्षक भएर नेपाल क्रिकेट खेललाई एकदिवसीय मान्यता दिलाउन र यू १९ क्रिकेट टिमलाई पाँचपटक विश्वकप छनोट गराउन महत्वपूर्ण भूमिका निर्वाह गरेको भन्दै टमाटालाई बुधबार सम्मान गरेको रोटरी क्लव अफ हेटौंडाका अध्यक्ष स्वागतराज प्याकुरेलले जानकारी दिए ।

टमाटालाई एक लाख राशीको भोकेशनल एक्सिलेन्स अवार्ड पनि प्रदान गरेको छ । रोटरी क्लव अफ हेटौंडाका अध्यक्ष प्याकुरेलको अध्यक्षतामा भएको कार्यक्रममा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यतामा टमाटालाई सम्मान गरेको हो । कार्यक्रममा हेटौंडा उपमहानगरप्रमुख मीनाकुमारी लामा, रोटरी क्लव अफ हेटौंडाका पदाधिकारीलगायतको उपस्थिति थियो ।

हेटौंडामै उत्पादित

सुदिन ड्राइमिट






Ready To Eat

हाम्रा विशेषताहरू:

- ग्याँस ओभनबाट उत्पादन गरिने ।
- हानिकारक धुवाँको असर नहुने ।
- १२ प्रकारका घरायसी मसलायुक्त ।
- तत्काल खान मिल्ने ।
- खाद्य सुरक्षणको लागि केमिकल (Preservative) प्रयोग नभएको ।

सुदिन प्याकेजिङ्ग उद्योग
हेटौडा-४, मकवानपुर
९८४५२६२५२२, ९८५५०७२६२३

साझाकुरा राष्ट्रिय दैनिकका लागि सविन न्यौपानेद्वारा प्रकाशित, सम्पादक: सरला खनाल, कार्यालय/मुद्रण: हेटौंडा-१ चौकीटोल, फोन नं.: ०५७-५२१११५, E-mail:sajhakura@gmail.com, URL: www.sajhakuranews.com, पोष्ट बक्स नं. २९, मुद्रण: सफल छापाखाना